म.जि. प्र. का. द.नं. : १७६/०६८, वर्ष ११, अंक २३८ बुधबार २३ चैत २०७८ पञ्चमी ने. सं. ११४२ चिल्लाथ्व 6 April, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

कसैलाई सर्पले टोकिहालेमा
- नआत्तिऔं र विरामीलाई सान्त्वना दिऔं,
- सर्पको विष अत्यन्त छिटो फैलिने भएकोले प्राथमिक उपचारका नाममा समय खेर नफालौं,
- परम्परागत झारफुकको विधिमा नअलमलिऔं,
- जतिसक्दो चाँडो विरामीलाई अस्पताल तथा उपचार केन्द्र पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

१५ जना बालिकाको उजुरी: तीन शिक्षकले यौन दुर्व्यवहार गरे

विद्यालयमा तोडफोड ---------

साझाकुरा संवाददाता

हेटौंडा, २२ चैत/ जिल्लाको पूर्वीक्षेत्र बागमती गाउँपालिकास्थित जनता माध्यमिक विद्यालयका तीन शिक्षकले बालिकामाथि यौन दुर्व्यवहार गरेको आरोप लागेको छ । जनता मावि को कक्षा ४, ५, ६, ७ र ८ मा पढ्ने १५ जना बालिकामाथि तीन जना शिक्षकले पटक-पटक यौन दुर्व्यवहार गरेको घटना बाहिरिएको हो ।

१५ जना बालबालिकाले चैत दोस्रो साता विद्यालयमा शिक्षकहरुबाट यौन दुर्व्यवहारमा परेको भन्दै उजुरी दिएको इलाका प्रहरी कार्यालय फापरबारीले जानकारी दिएको छ । १५ जना बालिकाले उजुरी दिएपछि फुः ६ जना अभिभावकले २० चैतमा उजुरी दिएका थिए । तीन जना शिक्षकहरु हेम विक, लोक विक र रुद्र विकले आफूमाथि गलत नियतले संवेदनशील अंगमा हातले बारम्बार छोएको बालिकाहरुले उजुरीमा उल्लेख गरेका छन् ।

यौन दुर्व्यवहारको घटना भएको र प्रहरीले अनुसन्धान गर्ने मकवानपुरका प्रहरी प्रमुख प्रहरी उपरीक्षक सुरेन्द्रबहादुर गुरुङले बताए । उनले मंगलबार विद्यालयमा तोडफोड गर्ने स्थानीयको समूहलाई तितरबितर बनाएर विद्यालयको सुरक्षा दिएको उनको भनाइ छ ।

बालिका र अभिभावकको उजुरीमाथि छलफल गर्न भन्दै राजनीतिक दल, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, पीडित बालिका र अभिभावकलाई मंगलबार विद्यालयमा जुटाइएको थियो । छलफलमा शिक्षकको संरक्षणमा विद्यालय नै लागेको र उनीहरुलाई भगाएको भन्दै स्थानीयले तोडफोड गरेका छन् । तोडफोडबाट विद्यालयको डिजिटल स्क्रीन, प्रोजेक्टर, बेञ्च, गमला, डस्टबिनहरु फुटेको जनाइएको छ ।

११ र१२ गते बालिकाहरुले छुट्टाछुट्टै उजुरी दिएको र २० चैतमा अभिभावकले पुनः विद्यालयमै उजुरी दिएपछि विद्यालयमै छलफल गरिएको थियो । बालिकामाथिको यौन दुर्व्यवहारको घटना मिलाउन खोजिएको भन्दै स्थानीयहरु आक्रोशित भएका थिए । इलाका प्रहरी कार्यालय फापरबारीका अनुसार हाल आरोपित तीनै जना शिक्षक विदामा छन् । उनीहरुलाई बालिकाको उजुरीपछि विद्यालयका प्रधानाध्यापक बसन्त राईले एक हप्ताअघि तीन दिन निलम्बन गरेको र पछि उनीहरुले गाउँमा बेइज्जत हुने त्रासले विद्यालयमा विदा लिएर हिँडेको बताइएको छ ।

इप्रका फापरबारीका प्रमुख प्रहरी निरीक्षक कमलकुमार निगेलीले शिक्षकहरु हाल विदामा रहेको *साझाकुरा*लाई जानकारी दिए । पीडित बालिकाहरुले कक्षाकोठामा पढाउने क्रममा शिक्षकहरुले संवेदनशील अंगमा हात लैजाने गरेको बालिकाहरुले आरोप लगाएको निगेलीले बताए ।

पीडित बालिकाहरु पटक-पटकको घटनाले त्रसित भएपछि विद्यालयका प्रअ राईसमक्ष मौखिक गुनासो गर्न पुगेका थिए । राईले प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयबाट खटिएको विद्यालय नर्सलाई परामर्शका लागि बालिकाहरु पठाएको प्रहरीले जनाएको छ ।

विद्यालय नर्ससँग बालिकाहरुले घटनाबारे खुलेर कुरा गरेको प्रहरी निरीक्षक निगेलीले बताए । 'प्रअ सरले बालिकालाई परामर्शका लागि विद्यालय नर्सकोमा पठाउनु भएको रहेछ । बालिकाहरुले नर्ससँग घटनाबारे खुलेर भनेछन्' निगेलीले भने । घटनाबारे पूर्ण जानकारी लिएर बसेका प्रअ राईले मिलापत्रमै टुंग्याउन खोजेको देखिएको छ । उनले बालिकामाथि गम्भीर घटना हुँदासमेत विद्यालय नजिकै रहेको इप्रका फापरबारीलाई जानकारी नगराएको पाइएको छ ।

बालिकाहरुले यौन दुर्व्यवहार जस्तो गम्भीर घटना बारे जानकारी गराउँदा पनि विद्यालयका प्रधानाध्यापक राईले घटना गुप्चुप राख्न खोजेको पुष्टि भएको हो । विद्यालयले घटनाबारे प्रहरीलाई जानकारी नै नगराएको प्रहरी निरीक्षक निगेलीले बताएका छन् ।

पीडित बालिका र अभिभावकहरुले पनि प्रहरीमा उजुरी दिएका थिएनन् । 'उहाँहरु उजुरी लिएर विद्यालयमा पुग्नु भएको रहेछ । हामी कहाँ आउनु भएन । हामीलाई पनि पछि थाहा भएको हो । यसबारे विद्यालयले पनि हामीले कुनै जानकारी गराएको थिएन्', निगेलीले भने । बागमती गाउँपालिका उपाध्यक्ष धनमाया स्याङ्तानले घटनाबारे थाहा नभएको बताएकी छन् । 'म बिहानैदेखि फिल्डमा छु ।'

मलाई विद्यालयमा तोडफोड भयो रे भन्ने सुन्न आएको छ । शिक्षकहरुले बालिकामाथि यौन दुर्व्यवहार गरेको कुरा भखरै थाहा पाउँदै छु । वास्तविक कुरा सोधपुछ पछि मात्रै थाहा हुन्छ', स्याङ्तानले भनिन् । १० दिनअघिको घटना रहेको भन्दै उनले यतिका दिनसम्म गुपचुप हुनुमा आशंका व्यक्त गरिन् । उनले घटनामा राजनीति मिसिएको आशंका गर्दै सत्यतथ्य छानबिन हुनुपर्नेमा जोड दिइन् ।

आरोपित शिक्षकलाई नियन्त्रणमा लिएर अनुसन्धान गर्ने इप्रका फापरबारीका प्रमुख निगेलीले बताएका छन् । बालिकाहरुले उजुरी नदिए पनि गम्भीर विषय भएकाले अनुसन्धान गर्ने र दोषी पाइए कारबाही प्रक्रिया अघि बढाउने उनको भनाइ छ । पीडित बालिकाहरु आरोपित ३ शिक्षकबाट त्रासमा परेको प्रहरीले जनाएको छ ।

पीडित बालिकाहरुले ती शिक्षकहरु पढाउन आए विद्यालय नजाने बताएका छन् । पूर्वी क्षेत्रको उत्कृष्ट विद्यालयको परिचय बनाएको जनता मविमा बालिकाहरु असुरक्षित रहेको घटनाले जिल्लाभर आलोचना भइरहेको छ । आरोपित शिक्षकहरुलाई नियन्त्रणमा लिएर अनुसन्धान गर्न बालअधिकारका क्षेत्रमा काम गर्ने संस्थाहरुले आवाज उठाएका छन् । अनेरास्ववियू मकवानपुरले दोषिलाई कडा कारबाही गर्न माग गरेको छ ।

हेटौंडा सिमेन्टको महाप्रबन्धकको लागि ३ जनाको नाम मन्त्रिपरिषद्मा

साझाकुरा संवाददाता

हेटौंडा, २२ चैत/ हेटौंडा सिमेन्ट उद्योगको महाप्रबन्धकका लागि तीन जनाको नाम मन्त्रिपरिषद्मा पुगेको छ । उद्योगको महाप्रबन्धक छनौट समितिले तीन जनाको नाम मन्त्रिपरिषद्मा पठाएको हो ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयअन्तर्गत् रहेको समितिले ३ जनाको नाम मन्त्रिपरिषद्मा पठाएको जनाइएको छ । वसन्त कुमार पाण्डे, भरत रेग्मी र भूपेन्द्र प्रसाद अर्यालको नाम पेश भएको जनाइएको छ । सरकारले माघ २६ गते प्रतिस्पर्धात्मकरूपमा महाप्रबन्धक छान्नलाई आवेदन आह्वान गरेको थियो ।

'उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयसम्बद्ध सार्वजनिक निकायमा पदाधिकारी तथा सदस्यको नियुक्ति तथा मनोनयनसम्बन्धी निर्देशिका, २०७८' बमोजिम महाप्रबन्धक छनौट प्रक्रिया अघि बढेको थियो । मन्त्रालयमा उद्योगको महाप्रबन्धक बन्नलाई १२ जनाले आवेदन गरेका थिए ।

हेटौंडाका ५६ हजार बालबालिकालाई टाइफाइडबिरुद्धको खोप

साझाकुरा संवाददाता

हेटौंडा, २२ चैत/ हेटौंडा उपमहानगरपालिकाको ५६ हजार बालबालिकालाई टाइफाइडबिरुद्धको खोप लगाइने भएको छ ।

हेटौंडाको १९ वटै वडाका बालबालिकालाई चैत २५ गतेदेखि वैशाख ५ गतेसम्म टाइफाइडबिरुद्धको खोप लगाइने भएको हो । उपमहानगरपालिकाका आयुर्वेद तथा जनस्वास्थ्य प्रवर्द्धन शाखाले उपमहानगरका ५६ हजार चारसय बालबालिकालाई हेटौंडाका विद्यालय र स्वास्थ्य संस्थामा टाइफाइडविरुद्धको खोप लगाउन लागिएको जनाएको छ । हेटौंडा उपमहानगरपालिकाको जनस्वास्थ्य निरीक्षक भोला चौलागाईले अभियानको सुरुवात मकवानपुरको मनहरी गाउँपालिकास्थित भोजसिद्ध माविबाट संघीय स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री बिरोध खतिवडाले उद्घाटन गर्ने कार्यक्रम तय भएको जानकारी दिए ।

उनका अनुसार संस्थागत वा सामुदायिक विद्यालयलाई खोपकेन्द्र निर्धारण गरिनेछ । विद्यालय नभएका वा कम भएका वडामा बाह्य खोप केन्द्र हुनेछ । अभियानको अन्तिम दिन भने खोप सेवा सञ्चालन गर्ने सबै स्वास्थ्य संस्थामा टाइफाइडविरुद्धको खोप दिइनेछ । उनका अनुसार हेटौंडा उपमहानगरपालिकामा ३ वर्षभन्दा कम उमेरका बालबालिकालाई घरमै निमन्त्रणा कार्ड पठाइनेछ । चौलागाईले भने, 'उपमहानगरपालिकामा एकसय १५ विद्यालय केन्द्र र २० वटा स्वास्थ्य संस्था केन्द्र निर्धारण गरेका छौं ।

जसमा ८० प्रतिशत बालबालिका विद्यालयमै रहने भएकाले सहज हुनेछ ।' बालबालिकाहरूलाई दिईँदै आएको नियमित ११ वटा खोपमा थप १ टाइफाइड बिरुद्धको थपेर अब देखि नियमित खोप दिइने छ । कोभिड-१९ बिरुद्धको खोप लगाएको १४ दिन कटेपछिमात्र टाइफाइडबिरुद्धको खोप लगाउन मिल्नेछ । जन्मिएको १५ महिनादेखि १५ वर्ष सम्मका बालबालिकालाई खोप लगाइने उनले बताए । नेपालमा वर्षेनि चारलाख ५० हजार बालबालिकामा टाइफाइड देखिने गरेको छ । अरु उमेर समूहभन्दा दश गुणाबढी बालबालिकालाई यो रोग सर्ने गरेको छ ।

हेटौंडाका बिद्यालयसहित तीनसय ३५ वटा खोप केन्द्रमार्फत् खोप लगाइने भएको छ । खोप विद्यालयबाट ८० प्रतिशत बालबालिकालाई लगाइने लक्ष्य लिइएको छ । बाँकी सामुदायिक स्वास्थ्य कार्यालयबाट लगाइनेछ ।

असल ५ ऋणीलाई व्याज छुट

साझाकुरा संवाददाता

हेटौंडा, २२ चैत/ ग्रामीण बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडले असल पाँच ऋणीलाई व्याज छुट दिएको छ ।

सहकारीले वार्षिकोत्सव अवसरमा असल पाँच ऋणीलाई व्याज छुट दिएको हो । उनीहरुलाई वार्षिक व्याजदरमा १ प्रतिशत छुट दिने निर्णय गरिएको सहकारीकी अध्यक्ष प्रतिमा श्रेष्ठले जानकारी दिइन् ।

२३ औं वार्षिकोत्सवको अवसरमा मंगलबार कार्यालयमै एक कार्यक्रमबीच असल ऋणीलाई सम्मानस्वरुप व्याजदरमा छुट दिइएको प्रमाणपत्र प्रदान गरिएको छ । व्याज छुट पाउने असल ऋणीमा टीकामाया स्याङ्तान, ब्रम्हकुमार श्रेष्ठ, विदुर सिग्देल, शोभाकुमारी घिमिरे र संगीता विश्वकर्मा मण्डल छन् ।

दुई हजार चारसय सेयर सदस्य रहेको सहकारीको शेयर पूँजी दुईकरोड ४० लाख रुपियाँ, बचत संकलन सातकरोड रुपियाँ, बाह्य ऋणको दायित्व छकरोड रहेको व्यवस्थापक नानीराम अर्यालले जानकारी दिए । सहकरीले १४ करोड रुपियाँ ऋण प्रवाह गरेको पनि व्यवस्थापक अर्यालले जानकारी दिए ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

सेवाहरु:

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

हेटौंडालाई Green City बनाउने उद्देश्यसहित
सुन्दर नगरी हेटौंडामा बिक्री
शुभारम्भ

Offer
रू.१०,०००।-
नगद छुट

YADEA e-SCOOTER का विशेषताहरु:
- Full Charge गर्न ४-५ घण्टा लाग्ने ।
- Full Charge ले १०० किमी कुद्ने ।
- २००० वाट क्षमता भएकोले एकपटक Full Charge गर्दा ७५ युनिट विद्युत् खपत ।
- ट्यूबलेस टायर
- ब्याट्रिमा एक वर्ष वारेन्टी

बर्षा ई-अटोमोबाइल्स
हेटौंडा-२, चौकीटोल (भाटभटेनी नजिकै)
प्रो. सबी भण्डारी ९८५५०६७४६०

साझाकुरा

हाम्रो कुरा

टाइफाइड रोगबिरुद्ध खोप अभियान सफल पारौं

मानिसलाई धेरै कारणबाट ज्वरो आउने गर्दछ । प्राय: गर्मी समयमा आउने एक प्रकारको ज्वरो नै टाइफाइड हो । चिसो मौसममा पनि टाइफाइडले सताउन सक्छ । दुषित पानी र प्रदुषित खाद्य पदार्थको सेवनबाट यो रोग लाग्छ । टाइफाइड हुँदा शरीर शिथिल हुनगई एक्कासी ज्वरो बढ्छ । बाहिरको खाना बढी रुचाउने भएकाले यो रोगबाट केटाकेटीहरु बढी प्रभावित हुने गरेको चिकित्सकहरुको भनाइ छ ।

शरीरमा हनहनी ज्वरो आउने । रिंगटा लाग्ने, वाकवाक लाग्ने, बान्ता हुने, शरीर गल्ने र खान मन नलाग्ने यसका मुख्य लक्षण हुन् । औषधि सेवन गरेपनि तुरुन्तै ज्वरो निको हुँदैन । रक्तपरीक्षण गराएर रोग पत्ता लगाउन सकिन्छ । बेलैमा रोग पत्ता नलगाई र हेलचेक्र्याइँ गरेमा यसले मानिसको प्राण पनि लिन सक्छ । बिरामीलाई हनहनी ज्वरो आउन थाल्यो भने पानीपट्टी लगाउन सकिन्छ । हलुका लुगा लगाइदिएर खुल्ला ठाउँमा राख्नुपर्छ । कतिपय व्यक्ति ज्वरो आएमा बाक्लो लुगा लगाउने, मुख छोपेर बाक्लो लुगा ओढ्ने गर्छन् तर, यसो गर्नुहुँदैन । यसो गर्दा ज्वरो झन् बढ्न जान्छ । नियमित औषधि सेवन गर्नुपर्छ । यो रोग फैलनबाट रोक्न खुला ठाउँमा दिसापिसाब गर्नु हुँदैन । शौच गरिसकेपछि साबुन पानीले राम्रोसँग हात धुनुपर्छ । खाना खानुभन्दा अगाडि साबुन पानीले हात धुनुपर्छ । पानी उमालेर मात्र पिउनुपर्छ । घर, सुत्ने कोठा सफा राख्नुपर्छ । बिरामीले लगाउने लुगा र प्रयोग गर्ने बेडको सरसफाइमा विशेष ध्यान दिनुपर्छ । यति गर्दागर्दै पनि वर्षेनि टाइफाइड रोगबाट धेरैले ज्यान गुमाइरहनु परेको यथार्थ हाम्रो सामु छ ।

नेपाल सरकारले टाइफाइड रोगबाट वर्षेनि धेरैको ज्यान गइरहेको तथ्यलाई मनन् गरेर यही चैत २५ गतेदेखि देशव्यापी टाइफाइड खोप अभियान सञ्चालन गरेको छ । मकवानपुर जिल्लामा पनि यो अभियान सञ्चालनको तयारीमा सबै पालिकाहरु लागिसकेका छन् । जसअन्तर्गत् १५ महिनादेखि १५ वर्षसम्म उमेर समूहका बालबालिकालाई खोप लगाउन विद्यालय तहलाई बढी केन्द्रित गरिएको पाइएको छ । यस अभियानमा आमनागरिकले आ-आफ्नो पायक पर्ने खोपकेन्द्रमा गएर यो खोप लगाउनु पर्दछ । र, खोप नलगाउने उमेर समूहकाले लगाउने उमेर समूहलाई जानकारी गराएर यो अभियान सफल बनाउन सहयोग गर्नुपर्दछ ।

के भारत सच्चिएको हो त ?

✍विकास थापा

प्रधानमन्त्री शेरबहादुर देउवाको भारत भ्रमणमा नेपालको जलविद्युत् सम्बद्ध चार विषयले निकै चर्चा पाए । पहिलो, नेपालको वर्षायामसहितको बिजुली भारतले खरिद गर्ने, दोस्रो बंगलादेशसम्म पहुँच पुऱ्याउने, तेस्रो भारतीय लगानीकर्तालाई नेपालको जलविद्युत्मा बोलाउने, र चौथो अबदेखि नेपाल र भारत 'समान हैसियत' र 'सम्मानजनक तवरबाट' वार्ता गर्ने । नेपालका लागि यी चारवटै बुँदा उत्तिकै महत्वपूर्ण छन् । भारतले सहमति जनाएका यी विषयहरुमा कार्यान्वयन भए भने दुवै देशको सम्बन्ध अझ बढी घनीभूत मात्र हुने छैन, यसले नेपालको विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ ।

१. भारतले नेपालको बिजुली लिने

नेपाल विद्युत् प्राधिकरणले विद्युत खरिद सम्झौता (पीपीए) गरेका निजी क्षेत्र जब जलविद्युत् आयोजना खन्न सुरु गरे, त्यसयता वर्षायाममा बिजुली जगेडा हुनेछ चासो र चिन्ता बढेको थियो । तत्कालीन प्रधानमन्त्री डा. बाबुराम भट्टराई आफैले ऊर्जा मन्त्रालय लिएका बेला तत्कालीन ऊर्जा सचिव हरिराम कोइरालाले पहिलोपटक सचिवस्तरीय बैठकमा 'इनर्जी बैकिङ' को प्रस्ताव गरेका थिए । कूटनीतिमा हुन्न भनिँदैन । भारतले पनि त्यतिबेला हुन्न भनेन ।

सुख्खायाममा भारतबाट बिजुली ल्याउने र वर्षायाममा भारतलाई दिने अवधारणा इनर्जी बैंकिङ हो । वर्षायाममा नेपालमा जडित क्षमताअनुसार बिजुली उत्पादन हुन्छ भने हिउँदयाममा जडित क्षमताको एक तिहाई मात्र उत्पादन हुन्छ । उता भारतमा पंखा घुमाउने वर्षायाममा बढी बिजुली चाहिन्छ भने हामीकहाँ बिजुलीको माग हुँदैन । तर हिउँदयाममा नेपालमा बिजुली खपत बढ्छ भने भारतमा पंखा घुम्दैन र माग घट्छ । यो जाँचोपाँजो दुवै देशका लागि मेल खान्थ्यो ।

ऊर्जा सचिव कोइरालाले अघि बढाएको इनर्जी बैकिङले दिनेश घिमिरे ऊर्जा सचिव भएका बखत औपचारिकता पायो । नेपाल-भारत ऊर्जा सचिव स्तरीय संयुक्त सञ्चालन समिति (जेएससी) को सन् २०१९ को जनवरी २४ मा पोखरामा भएको बैठकले 'इनर्जी बैंकिङमार्फत विद्युत् आदान-प्रदान' प्रस्तावलाई 'नोट' गरेको थियो । त्यतिबेला भारतसित अब इनर्जी बैकिङ हुन्छ भन्नेमा नेपाली पक्ष विश्वस्त थिए ।

जेएससीको नेपाली पक्षको नेतृत्व गरेका थिए तत्कालीन ऊर्जा सचिव दिनेशकुमार घिमिरेले । घिमिरेले उनका भारतीय समकक्षी अजय भल्लालाई इनर्जी बैंकिङमा सहमत गराएका थिए । त्यतिबेला उक्त बैठकलाई निकै अर्थपूर्ण मानिएको थियो । पोखरा बैठकमा गरिएको सहमति कार्यान्वयन गर्ने क्रममा आइपुग्दा जेएससीको सातौं बैठक बैंगलोरमा भयो-२०७६ असोज २७ गते । छैटौं जेएससी बैठकले इनर्जी बैकिङलाई आफ्नो माइन्यूटमै राखेन । भारतले आफ्नो मुलुकको नीतिमा इनर्जी बैकिङ नभएकाले त्यसलाई नीतिगत व्यवस्था गर्ने जनाउ सातौं बैठकमा दिएको थियो । आठौं बैठकमा पनि यसबारे ठोस निर्णय भएन । गत फागुन १२ गते काठमाडौंमा भएको नवौं बैठकले इनर्जी बैकिङको नामगोत गरेन । बरु वर्षायामअघि नै नेपालको जगेडा बिजुली लिइदिन नेपालले आग्रह गऱ्यो, भारतले लिइदिने प्रतिबद्धता जनायो । यसरी नेपालले २०६८ सालदेखि महत्ता दिएको इनर्जी बैकिङले ठोस रुप लिन नसकिरहेका बेला भारत भ्रमणका क्रममा प्रधानमन्त्री देउवासमक्ष मोदीले नेपालको बिजुली लिने औपचारिक र लिखित वाचा गरेका छन् ।

नेपाल सरकारले आफ्नो देशमा उत्पादन भएको बिजुली यही खपत गराउनुपर्छ भन्ने सोच कहिले पनि लिएन । जस्तोसुकै कम्युनिष्ट पार्टीको सरकार वा कम्युनिष्ट ऊर्जा मन्त्री होस्, ती सबैको एकमात्र सरल उपाय भारत निर्यात नै देखे । नेपालमा बिजुली जगेडा हुन थालेको (वर्षायाममा) दुई वर्ष मात्र भयो । त्यसअघिका वर्षायाममा समेत भारतबाट आयात गर्नुपर्थ्यो र हिउँदयाममा त सदाबहार हुने नै भयो । अर्कोतर्फ इनर्जी बैंकिङ वा भारतले नेपालको बिजुली लिइदेओस् भन्ने चाहानका पछाडिको मुख्य हुटहुटी थियो अर्बौं रुपैयाँको नोक्सानी ।

ऊर्जा मन्त्रालयले नै गरेको अध्ययनले प्राधिकरणले हालसम्म विद्युत् खरिद सम्झौता (पीपीए) गरेका आयोजनाअन्तर्गत दुई हजार दुई सय ५० मेगावाट नदीप्रवाही (रन अफ रिभर) र दुई हजार पाँच सय मेगावाट अर्धजलाशययुक्त (पिकिङ आरओर) बिजुली वर्षायाममा खेर जाने देखाएको छ । नदीप्रवाहीबाट मात्रै प्राधिकरणलाई वर्षको ८४ अर्ब र अर्धजलाशययुक्तबाट वर्षको ९५ अर्ब रुपैयाँ घाटा पर्ने तथ्यांक छ । यो तथ्यांकलाई भारतमुखी पाटोबाट मात्र हेरे सबै नीति निर्माताहरुले । तर यो हाम्रो आन्तरिक शक्ति थियो भन्ने बुझेनन् वा बुझ्न चाहेनन् ।

ऊर्जा भनेकै शक्ति हो । प्रत्येक जिल्लामा चिस्यान केन्द्र, अधिकांश पहाडी भूभागमा केबल कार, रेसवे, तराईमा पूर्व पश्चिम, उत्तर-दक्षिण रेल मार्ग, कम्तीमा दुईवटा रासायनिक मल कारखाना, देशैभर हाइड्रोजन ऊर्जा उत्पादन, विद्युतीय चुल्होको प्रयोग, विद्युतीय परिवहन लगायत अनेकौं उपाय थिए र छन् । यसतर्फ हाम्रा नेताहरुले सोचेनन् । भारतले कदाचित् 'ज्वाइन्ट भिजन स्टेटमेंट' मा उल्लिखित विषय कार्यान्वयन गरेन भने फेरि पनि हामी जाने आफ्नै घरेलु खपत बढाउनेतिर नै हो । तर स्वयं भारतीय प्रधानमन्त्रीले नै वाचा गरेको हुनाले यसपालि भारतले यो सहमतिलाई पक्नना गर्छ भन्ने धेरैको विश्वास छ ।

२.बंगलादेशसम्म पुऱ्याउने

बीबीआईएन अवधारणा अन्तर्गत बंगलादेशसम्म नेपालको बिजुली पुरने अवस्था आयो भने त्यो अर्को सुखद पक्ष हुनेछ । अहिले निजी क्षेत्रको पीपीए रोकेर लगानीकर्ताहरुलाई ऊर्जा मन्त्री पम्फा भुसालले घरको न घाटको तुल्याएकी छिन् । ती रोकिएका मात्र होइन, अरु सम्भाव्य आयोजनाहरु पनि अघि बढ्नेछन् । जसले विदेशी मुद्रा आर्जन, स्वदेशमा रोजगारी वृद्धि, रोयल्टी र कर संकलन लगायत थुप्रै आर्थिक क्रियाकलापले नेपालको विकास हुन १० वर्ष पनि कुर्नु पर्दैन । त्यो क्षितिजमा देखिने कल्पना यथार्थमा रुपान्तरण हुने हो भने नेपालको कायापलट सम्भव देखिन्छ । बंगलादेशमा नवीकरणीय ऊर्जा शून्यप्राय: छ । प्राकृतिक ग्यास र कोइला नै विद्युत् ऊर्जाको कच्चापदार्थ हो, जुन नवीकरणीय होइन । यी ग्यास र कोइला रित्तिदैछन् । अझ विश्व ऊर्जा संकट सामुन्ने छ । यसले कोइलालाई विलुप्त पार्दैछ । तर आर्थिक फड्को मारिरहेको बंगलादेशलाई बिजुली नभई सुखै छैन । त्यही भएर ऊ नेपालको बिजुली खरिदमा लालायित छ । नेपालसँग समझदारीपत्रमा हस्ताक्षरसमेत भइसकेको छ । अझ रमाइलो कुरो के छ भने बंगलादेशले नेपालको बिजुली प्रतियुनिट ८ अमेरिकी सेन्ट्समा खरिद गर्छ ।

यो कुरो माथिल्लो कर्णालीको बिजुली जीएमआरबाट लिन उसले गरेको प्रारम्भिक सम्झौताले देखाइसकेको छ । नेपालको लागत प्रतियुनिट ५ अमेरिकी सेन्ट्स हो । प्रसारण शुल्क र चुहावट घटाउँदा पनि प्रतियुनिट २ सेन्ट्स नाफा छ, विद्युत व्यापार नै गर्ने कम्पनीका लागि समेत । आफै उत्पादक भएर बेच्दा अझ त्योभन्दा बढी नाफा छ । अर्थात् नेपालको बिजुली बंगलादेशको बजारमा 'योग्य' छ । चाहिन्छ केवल फेरि पनि भारतीय चाहनाकै । मोदीले बीबीआईएन संरचनालाई अघि बढाउने वाचा गरेकाले यसमा पनि आशावादी हुन सकिन्छ । नेपालको जलविद्युत्मा हुवातैं देशी विदेशी लगानी बढ्छ । त्यतिबेला ६ हजार मिटरको अल्टिच्यूड क्षेत्रका जलविद्युत् पनि योग्य हुनेछन् र लाइसेन्स किनबेचको मारामार हुनेछ ।

३. भारतीय लगानीकर्तालाई नेपाल भित्याउने

'ज्वाइन्ट भिजन स्टेटमेंट' मा भारतीय लगानीकर्तालाई नेपाल भित्याँउने कुरा उल्लेख छ । प्रधानमन्त्री देउवाले संयुक्त पत्रकार सम्मेलनमा र भारतीय उद्योगपतिहरुँसंगको भेटघाटमै भारतीय लगानीकर्ताहरुलाई 'दावत' दिएका छन् । यता मोदीले बिजुली लिने प्रतिबद्धता व्यक्त गरे, उता देउवाले लगानीकर्तालाई निम्ता दिए । यसको पछाडि एउटै मात्र कारण छ- गत नोभेम्बरमा सम्पन्न ग्ल्यास्गो सम्मेलनमा दुवै देशले गरेको वैश्विक प्रतिबद्धता । भारतले अहिले आएर नेपालको जलविद्युतप्रति सकारात्मक हुनुमा मौसम परिवर्तन, भारतीय वाचा र भारतमा विद्यमान ऊर्जा संकट पनि हो । भारत आफै ऊर्जा संकट झेलिरहेको छ । अधिकांश राज्यमा लोडसेडिङ छ । उद्योगहरुलाई आपूर्ति कटौती गरिएको छ । भारतमा अधिकांश मिडिया मोदी निकट मानिन्छन् र मोदीको आलोचना हुने र उनलाई अप्ठेरो पर्ने मुद्दाहरु भारतीय मिडियाले उठाउँदैनन् । त्यही भएर त्यहाँ रोई कराई छैन ।

सन् २०२२ को ३१ जनवरीको तथ्यांकअनुसार भारतमा कुल जडित क्षमता ३ लाख ९५ हजार ७५ मेगावाट छ । यसमध्ये ५९-७ प्रतिशत तापीय ऊर्जा (कोइला, ग्यास, डिजेल, लिग्नाइट अर्थात् पहेलो कोइला) को वर्चस्व छ । कोइलाको मात्रै हिस्सा ५१.६ प्रतिशत छ । कुल जडित क्षमतामा जलविद्युतको क्षमता जम्मा ११.८ प्रतिशत छ भने सौर्य ऊर्जाको हिस्सा १२.७ प्रतिशत रहेको भारतको केन्द्रीय विद्युत् प्राधिकरणको तथ्यांकमा छ । राति सौर्य ऊर्जा हुँदैन ।

हावा नचलेको बेला पवन ऊर्जा उत्पादन हुँदैन । भारतमा पवन ऊर्जा मात्रै ४० हजार एक सय एक मेगावाट (कुल ऊर्जामा १०.२ प्रतिशत) छ । गत नोभेम्बरदेखि भारतमा चरम रुपमा कोइला अभाव छ । त्यसै पनि सन् २००९-१० देखि सन् २०२१-२२ (जनवरीसम्म) भारतमा पिक डिमाण्ड (उच्चतम माग) कहिले पनि पूरा भएको छैन । यो वर्षको जनवरीसम्मको तथ्यांकअनुसार पूरै भारतभरि २४७५ मेगावाट बिजुली पिकमा अपुग छ । अब भारतले छिमेकीका नवीकरणीय ऊर्जा खरिद नगरी सुखै छैन । उसले अनिवार्य रुपमा जलविद्युत् खरिद नीति लागू गरेको छ, तर त्यसमा छिमेकीको बिजुलीलाई समावेश गरेको छैन । अब गर्नेमा आशावादी हुन सकिन्छ । त्यसबाहेक भारतीय प्रधानमन्त्री मोदीले ग्ल्यास्गो सम्मेलन (कोप२६) मा सन् २०३० सम्ममा भारतले एक अर्ब टन कार्बन घटाउने कसम खाएका छन् ।

कार्बन घटाउनेको अर्थ जलविद्युत् वा नवीकरणीय नै हो । भारतमा एक २ लाख मेगावाट सौर्य ऊर्जा भएछ भने पनि त्यसले राति काम गर्दैन । घाम नलागेको बेला सिष्टम चल्दैन । त्यसैले जलविद्युत् नै चाहिन्छ । नेपालका प्रधानमन्त्री देउवाले पनि सन् २०४५ भित्र शून्य कार्बन उत्सर्जन र कूल ऊर्जा मागमा १५ प्रतशित सौर्य ऊर्जा रहने कसम खाएका छन् । जल तथा ऊर्जा आयोगले तयार गरेको 'इनर्जी सेक्टर भिजन २०५०' मा सन् २०३५ मा न्यून आर्थिक वृद्धि हुँदा पनि ६ लाख ९५ हजार २ सय ९९ टेराजुल्स ऊर्जा (एक खर्ब ९३ अर्ब १३ करोड ८६ लाख ११ हजार एक सय ११ युनिट बिजुली) खपत हुने प्रक्षेपण गरेको छ ।

नेपाल विद्युत् प्राधिकरणले गत वर्ष ७ अर्ब ३१ करोड ९० लाख युनिट बेचेको थियो । नेपालमा खपत हुने सबै ऊर्जा (जलविद्युत, काठदाउरा, कोइला, पेट्रोल आदि) लाई युनिटमा रुपान्तरण गर्ने हो भने सन् २०३५ मा झन्डै दुई खर्ब युनिट बिजुली चाहिने रहेछ । यो भनेको प्राधिकरणले बेचेको बिजुलीको २६.३ गुणा धेरै हो । अब प्रधानमन्त्री देउवाको वाचाअनुसार कूल मागको १५ प्रतिशत सौर्य ऊर्जा भनिएको छ । आयोगले प्रक्षेपण गरेको मागको १५ प्रतिशत सौर्य ऊर्जाबाट आपूर्ति गर्ने हो भने करिब २८ अर्ब युनिट बिजुली चाहिन्छ । अब यता ऊर्जा मन्त्री भुसाल भने जडान गर्न तयार रहेका २१ वटा सौर्य ऊर्जा (१६३.६० मेगावाट) परियोजनाको विद्युत खरिद सम्झौता (पीपीए) रोकेर एकाएक प्रतिस्पर्धा गरिने निर्णय गरिन् । त्यो अर्कै विषय हो ।

४. समान र सम्मानजनक हैसियत

नेपाल-भारत वार्ता वा छलफलमा भारतले आफूलाई जहिले पनि 'ठूल्दाई' (बिग ब्रदर) को रुपमा प्रस्तुत हुँदै आएको थियो । एक भारतीय पत्रकारले अघिल्ला प्रधानमन्त्री केपी ओलीलाई 'हम नेपालसे बडे है ना' समेत भनेको थियो । ओलीले 'देश बडा हो सत्ता है, लेकिन देशका हैसियत समान होता है ।' यसपालि देउवाको भारत भ्रमणमा समानता र सम्मानका साथ व्यवहार गरिने उद्घोष भयो भारतीय पक्षबाट । नेपाल र भारत दुवै स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न मुलुक हुन् ।

तर भारत जहिले पनि ठूल्दाई प्रवृत्तिबाट ग्रसित थियो । 'नेगोसियसन' मा बस्ने सरकारी कर्मचारीहरुलाई जहिले पनि लघुताभास हुन्थ्यो, मुखले केही नबोले पनि । भारतीय प्रधानमन्त्री मोदीको यो बचनबद्धतालाई कदर गर्नुपर्छ । अब उनले गरेका बाचा कार्यान्वयन भयो भने मात्र भारत सच्चिएको अनुभूति हुनेछ- चाहे त्यो ऊर्जामा होस् वा अन्य क्षेत्रमा । होइन भने भारत सहमति र सम्झौता गर्छ, कार्यान्वयन गर्दैन भन्ने अमीट छाप नेपाली जनतामा रहिरहनेछ- एक अर्ब डलर दिने घोषणाजस्तो हुनेछ । -साभार: इकागज

राजनीतिक कार्यकर्ता कि नेताका कारिन्दा ?

✍गोविन्द अधिकारी

राजनीतिक दलका कार्यकर्ता र नेताका कारिन्दाका बीचमा मूल अन्तर के हो भने कार्यकर्ता चित्त नबुझे पनि कुरा (नेताको इसारा) बुझेर चुप लाग्ने गर्दैनन् । नेताका कारिन्दाले भने चित्त नबुझे पनि कुरा बुझेपछि मुख खोल्दैनन् । कार्यकर्ता पार्टीको सिद्धान्तमा विश्वास गर्छन् भने कारिन्दा नेताका पछि लाग्छन् । अहिले नेपालको राजनीतिमा कारिन्दाको संख्या धेरै बढेको छ तर अझै बहुमत भने कार्यकर्ताकै देखिन्छ । यसैले नेपालको राजनीतिबाट पनि निराश भइहाल्नुपर्ने अवस्था छैन । अझ 'मिलेनियल(युवा)' र 'जेनरेसन जेड (नक्युवा)' भनिने पुस्ताका प्रतिनिधिमा समेत राजनीतिप्रति रूचि बढेजस्तो देखिन थालेको छ । काठमाडौं महानगरपालिकाको मेयरमा चुनाव लड्ने पूर्व मिस नेपा: सुनिता डंगोलको घोषणा सम्भवत: यसको उदाहरण हो ।

देशका विभिन्न पालिकामा नेतृत्व गर्न तम्सने युवा र नवयुवा पुस्ताका प्रतिनिधि अगाडि सरेका छन् । लाग्छ, राजनीतिलाई त्यसमा पनि चुनावी दाउपेचलाई भने उनीहरूले राम्ररी आकलन गरेका छैनन् । यसैले रहरको राजनीति गर्नेहरू धेरै टिक्तैनन् । राजनीति 'तपस्या' त हुँदै हो साथै 'कपटखेल' पनि हो । धेरै 'राम्रा'हरू 'सुनको मृग' खोज्ने क्रममा आफैं हराउँछन् । बाहिरबाट हेदा स्व:स्फूर्त देखिने कतिपय अन्तत: कसैका स्वार्थमा 'कैंची' र 'टेका' बन्न पुग्छन् ।

काठमाडौं महानगरपालिकाको अगिल्लो निर्वाचन यसको उदाहरण हो । यसको अर्थ नयाँले आँटै गर्नु हुन्न भन्ने भने पक्कै होइन । तर, चुनाव अभियान थाल्नुभन्दा पहिले आफू 'कैंची' वा 'टेका' बनिएको त छैन भन्ने हेक्का राखे बेस हुन्छ । यसै, एक्लै चुनाव लडेर पारलाग्छ भन्ने ठान्नु पनि मूर्खता नै हुन्छ । अहिले देखिएका ठूला वा साना पनि दलहरूकै भरमा नेपालको राजनीति सुधिन्छ र विकास हुन्छ भन्ने ठान्नु पनि यसै मूर्खता हुने देखिन्छ । यिनीहरूमा सैद्धान्तिक अन्तर लोप भएजस्तै देश र जनताप्रति इमान र 'भिजन' पनि छैन । वडादेखि महानगरसम्म सबैतिर 'समृद्धि' रटान गर्छन् तर बनाउने बेला 'भ्यु टावर' र मूर्ति बनाउँदा रहेछन् ।

यसैले युवा आकांक्षीहरूले समूहमा अगाडि बढ्न सिक्नु जरुरी देखिन्छ । एक्लै त जतिसुकै लोकप्रिय भए पनि चुनाव जित्न धेरै कठिन हुन्छ । एक्लै चुनाव जिते नै पनि काम त गर्नै सकिँदैन । यसैले दिगो हुनैका लागि पनि समूह बनाएर सहकार्य गर्नुपर्छ । हाम्रा स्थानीय तहहरूलाई अध्यक्षात्मक र संसदीय दुवै प्रणालीको ठिमाहा बनाइएको छ । दुवै प्रणालीका अप्ठेराको सामना गर्नुपर्छ निर्वाचित प्रतिनिधिले । सभाहरूले स्वीकृत गरेमात्र कार्यक्रम र बजेट पारित हुन्छ ।

यसैले एक्लै प्रमुखको चुनाव लड्छु र यो र ऊ गर्छु भन्नेहरू पञ्चायती उमेदवारको सम्झना गराउँछन् । पञ्चायतका उमेदवार एक्लै चुनाव लड्थे तर नारा भने रोजगारी सिर्जनादेखि सुकुमवासी समस्या समाधानसम्मका दिन्थे । अहिलेका दल र यिनका कार्यकर्ताको भर नपरेर अगाडि सरेका युवालाई अहिले सजिलोका लागि 'अटेरी' भनौ । उनीहरू नै केहीले राखेको नाम हो । तिनले चुनाव लड्ने नै हो भने देशव्यापी सञ्जाल बनाएर चुनावमा होमिए राम्रो हुन्थ्यो । अहिले पार्टी नै बनाउन नभ्याउलान् । त्यसैले सबैका नारा र प्राथमिकता पनि उस्तै नहोलान् । तैपनि, अटेरी युवा 'भ्यु टावरे' समृद्धिको साटो स्कुल र अस्पतालका पक्षमा हुनेछन् भन्ने अनुमान लगाउन सकिन्छ । यस्तै, राजनीतिक विचारका दृष्टिले उदार लोकतन्त्रमा देखिन्थ्यो र्‍ लोककल्याण र उदार लोकतन्त्रमा विश्वास गर्ने तर अहिलेको राजनीतिक र प्रशासनिक संस्कार बदल्न चाहने युवा उमेदवारले ध्यान भने आआफ्नै तहको चुनावमा केन्द्रित गर्नुपर्छ । सके बडा सदस्यदेखि नै सबै पदमा उमेदवारी दिने आआफ्नै मूर्खता नगरे बेस ! 'अटेरी'हरूलाई एउटा सुविधा छ- राजनीतिक 'कारिन्दा' का रूपमा 'वृत्ति विकास' गर्नुपर्दैन । चित्त नबुझे पनि कुरा बुझेर चुप लाग्नु पर्दैन । पालिकाको पैसाबाट भाडा तिरेर नेतालाई हेलिकप्टरमा सयर गराउन राज्यको ढुकुटी लुट्न पर्दैन । उनीहरू सही अर्थमा सुशासन र लोककल्याणका कार्यकर्ता बन्न पाउँछन् ।

सिद्धान्तको अवसानपछि पछिल्ला राजनीतिक घटनाक्रम हेर्दा नेपाल फ्रान्सिस फुकुयामाको सन् १९९० को दशकमै अलमलिएको देखियो । 'इतिहासको अन्त्यभित्रका अरू कुरा छाडौं 'सिद्धान्तको विवाद' सकिएको तर्क नेपाली समाजमा चरितार्थ भएको देखिन्छ । नेपालमा उनले भनेजस्तो उदार लोकतन्त्र स्थापित भएर सिद्धान्तको विवाद सकिएको भने होइन । यहाँ 'सिद्धान्तहीनता' नै सिद्धान्त बनेर 'इतिहासको अन्त्य' भएको छ । नेपाली कांग्रेसको चुनावी गठबन्धनको निर्णयदेखि भारतीय जनता पार्टीसँगको निकटतासम्मले यही बताउँछ । नेपालका कम्युनिस्टहरू त यसै पनि चरम व्यवहारवादी थिए नै । यसको आरम्भ डा. केशरजंग रायमाझीबाट विधिवत् भएको थियो भने विभिन्नरूपमा सत्ताको स्वादका लागि सिद्धान्त गौण बनाउने प्रवृत्ति कायमै छ । कांग्रेसमा अलिकति फरक देखिन्थ्यो यो व्यवहारवादी अभ्यास । मातृकाप्रसाद कोइरालाले राजालाई साथ दिन अर्कै पार्टी बनाएका थिए । डा. तुलसी गिरीले राजाको साथमा लागेर सत्ताको स्वाद भोग्न पार्टी छाडेका थिए । यही बाटो धेरै हिंडेका थिए । बखानसिंह गुरुङ, परशुनारायण चौधरीदेखि शेर बहादुर देउवाले पार्टी छाड्नुको कारण पनि सत्ता नै थियो । यत्ति हो, देउवा फर्केर पार्टी कब्जा गर्न सफल भए, अरू हराए ।

अहिले बहुसङ्ख्यक कार्यकर्ताले नरुचाएको देखिए पनि पार्टी सभापति देउवाको जिद्दीमा कांग्रेसको केन्द्रीय समितिले स्थानीय तहदेखि नै निर्वाचनमा सत्ता साझेदारहरूसँग गठबन्धन गर्ने निर्णय गरेको छ । यसले कांग्रेसका धेरै कार्यकर्ताको मनोबल त गिराएकै छ चुनावमा गरिने गठबन्धनबाट देशकै पनि हितमा हुने देखिँदैन । परन्तु, कांग्रेसले त विधिवत् निर्णय गरिसक्यो । कांग्रेसको आधिकारिक निकायले गठबन्धन त के पार्टी विघटनकै निर्णय पनि गर्नसक्छ । पुराना मतदाताले 'रुख'मा मत दिन नपाएपछि जेमा मन लाग्छ त्यसैमा दिन्छन् । यसैले यो पनि जनताका लागि कुनै ठूलो कुरा भएन ।

परक पर्ने त नेपाली कांग्रेसका कार्यकर्तालाई नै हो । तर, तिनमा बहुसंख्यक त सायद 'कारिन्दा' छन् । नत्र त तिनले विद्रोह गर्नुपर्ने हो । पार्टी एउटा 'व्यावसायिक प्रतिष्ठान' बनेपछि कुरा बुझेपछि पनि चुप नलाग्ने 'कार्यकर्ता' को काम पनि छैन । यसैले सिद्धान्तहीन राजनीतिमा जीवन फाल्नुभन्दा बेलैमा पार्टी राजनीति छाडेर 'इज्जत'को पेसा अपनाउनु बेस होला । -साभार: बाह्रखरी

महत्वपूर्ण टेलिफोन नम्बरहरू

मकवानपुर प्रहरी

प्रहरी कन्ट्रोल:	१००
जिल्ला ट्राफिक:	५२०५१९९
वडा प्रहरी:	५२०२९९
पशुपतिनगर इलाका:	५२०५१९८
पालुङ इलाका:	६२०४६७
मनहरी इलाका:	९८५५०९०१६१
इलाका फापरबारी:	६२१९८०
इलाका भीमफेदी:	६९१४६२
इलाका ठिंगन:	९८४५२९९३८१
चौकीटोल चौकी	९७४२५१९५०१
चिल्लाङ चौकी:	६९२०००
चौघडा चौकी	९८४४०५४६०४
नेवारपानी चौकी:	९७५५०००२९९
फाखेल चौकी:	९८४५०३१३९८
पदमपोखरी चौकी:	९८४५०९९७८९

एम्बुलेन्स सेवा

नेपाल रेडक्रस:	५२०७१, ९८५५०२८९५२
हेटौंडा अस्पताल:	५२०३०५
परिवार नियोजन संघ:	५२०७४५,९८४१०४५००
मनहरी रेडक्रस:	९८४५१०५८२१
छतिवन रेडक्रस:	९८६१६२२३१९
भीमफेदी रेडक्रस:	६२०६९९
पालुङ रेडक्रस:	९८१४२०४४०१
बज्रबाराही रेडक्रस:	९८४५३०२९८४
सहकारी अस्पताल:	०४७-५२६५८७, ९८४५१९१९४
बसामाडी एम्बुलेन्स:	९८४५२९७५७९
बारुण यन्त्र:	१०१
बाल हेल्पलाइन नेपाल:	१०९८
माइती नेपाल:	५२१०५०
अपाङ्ग बाल अस्पताल	९८४५२९६४४५

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक साझाकुरा

भोलिको पात्रो

भोलि वि.सं. २०७८ चैत २४ गते बिहीबार ७ अप्रिल २०२२ । चैत शुक्ल षष्ठी । चौल्लाथ्व षष्ठी ११४२ । सूर्योदय ५:४८ र सूर्यास्त ६:२४ मा हुनेछ ।

आजको राशिफल

मेष	: व्यवसायबाट आम्दानी बढ्नेछ	तुला	: परिस्थिति सहज बन्नेछ
वृष	: लगनशीलताले लक्ष्य भेट्नेछ	वृश्चिक	: प्रतिष्ठा जोगाउन गाह्रो हुनेछ
मिथुन	: व्यक्तित्वमा निखारता आउनेछ	धनु	: यात्राको प्रक्रिया अघि बढ्नेछ
कर्कट	: सेवा सत्कार प्राप्त हुनेछ	मकर	: गोपनीयता बाहिरिन सक्नेछ
सिंह	: नयाँ आशा जगाउनेछ	कुम्भ	: आकस्मिक यात्रा हुन सक्नेछ
कन्या	: दिगो फाइदाको काम सुरु हुनेछ	मीन	: शत्रुको मनोबल बढ्नेछ

मछिन्द्र प्रारम्भिक छनोटबाटै बाहिरियो

काठमाडौं/श्रीलंकाको ब्लु स्टार एससीसँग घरेलु मैदानमा हार बेहोर्दै नेपालको लिग च्याम्पियन मछिन्द्र फुटबल क्लब एएफसी कप छनोटको प्रारम्भिक चरणबाटै बाहिरिएको छ ।

सोमबार ब्लु स्टार एससीसँग घरेलु मैदानमा २-१ ले पराजित हुँदै मछिन्द्र पहिलो खेलबाट बाहिरिएको हो । त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा मंगलबार भएको खेलमा ब्लु स्टारको जितमा मोहमेद इसान र सेनाल सन्देशले गोल गरे । मछिन्द्रका कप्तान सुजल श्रेष्ठले एक गोल फर्काए ।

खेलको नवौं मिनिटमा विमल घर्तीमगरले मैदानको मध्यभागबाट एक डिफेन्डरलाई बिट गर्दै दिएको पासमा नुर्लान नोभुजोभको वान भर्सेस वानको प्रहार दोस्रो बार च्यापै थोरै बाहिरिदा मछिन्द्र अग्रता लिन चुक्यो । १५ औं मिनेटमा ब्लु स्टार एससीले पेनाल्टीको अवसर पाएपनि गोलरक्षक विशाल श्रेष्ठले बचाउँदै मछिन्द्रको संकट टारे ।

देवेन्द्र तामाडले पेनाल्टी बक्समा सेनाल सन्देशलाई फउल गरेपछि रेफ्री युसुफ साइद हसनले श्रीलंकालाई पेनाल्टी प्रदान गरेको थियो । तर, एरेपाडे ओमबेबेको पेनाल्टी प्रहारलाई विशालले बचाए । रिवाउन्डमा सन्देशको प्रहारले पोस्टको दिशा लिन सकेन ।

२४ औं मिनेटमा फजलको चलाखीपूर्ण फ्रिकिकमा मोहमेद इसानले गोल गर्दै ब्लु स्टारलाई अग्रता दिलाए । विशाल राईले मोहम्मद असदलाई लडाएपछि प्राप्त फ्रिकिकलाई फजले चलाखी गर्दा इसानले गोलरक्षक विशाललाई बिट गर्दै गोल गर्न सफल भए । २८ औं मिनेटमा सन्देशले गोल गर्दै ब्लु स्टारको अग्रता दोब्बर पारे । रन्जित धिमालले क्लियर गर्न नसेकेको बललाई सन्देशले नियन्त्रणमा लिदै उत्कृष्ट फिनिस गरेका थिए ।

३५ औं मिनेटमा रेजिन धिमालको फ्रिकिकमा नुर्लान नोभुजोभले प्रयास गरेपनि उनी अफसाइड ठहरिए । लगत्तै विमल घर्तीमगरको पासलाई नुर्लानले भेट्टाउन सकेन । ३८ औं मिनेटमा रेजिनको कर्नरमा विमलको हेडर प्रयासलाई देवेन्द्र तामाडले दोस्रो प्रयासमा गरेको प्रहारलाई ब्लु स्टारका गोलरक्षक लाकप्रिय फर्नान्डोले बचाए ।

६७ औं मिनेटमा अभिषेक रिजालको क्रसमा विमलको हेडर पोलमा लागेर फर्कदा रिवाउन्डमा छिरिङ गुरुङको प्रहारलाई कप्तान थरिन्ड इरांगाले गोललाइनबाट बचाए । ७७औं मिनेटमा रेजिन धिमालको क्रसमा कप्तान सुजल श्रेष्ठले बक्समा सुवर्ण अवसर पाएपनि उनको हेडरले पोस्टबाट बाहिरिदा मछिन्द्र गोल अन्तर कम गर्नबाट चुक्यो ।

मछिन्द्रले दोस्रो हाफमा सुधारिएको खेल

मछिन्द्रले दोस्रो हाफमा सुधारिएको खेल पस्कदै एक गोल गरेपनि खेलमा फर्कन सकेन । इन्जुरी समयको थप गरिएको चौथो मिनेटमा कप्तान सुजल श्रेष्ठले गोल गर्दै खेललाई २-१ को अवस्थामा ल्याएपनि मछिन्द्रलाई खेलमा फर्कन निकै ढिला भयो । उनले मनिष डाँगीको त्रलस पासलाई सदुपयोग गरेका थिए । अब दोस्रो चरणको खेलमा ब्लु स्टार एससीले भारतको एटिके मोहन बगानसँग खेल्नेछ । जुन खेल अप्रिल १२ मा हुनेछ ।

साभार: हाम्रो खेलकुद

निर्वाचन आयोगले चुनाव प्रचारप्रसारको समय तोक्यो

काठमाडौं/निर्वाचन आयोगले चुनाव प्रचार प्रसारको समय तोकेको छ । मंगलबार आयोगले जारी गरेको ६० बुंदे निर्देशनमा चुनाव प्रचारप्रसार बिहान ८ बजेदेखि साँझ ७ बजेसम्म मात्रै गर्न पाइने उल्लेख गरिएको छ ।

'जुलुस, आमसभा, कोणसभा, बैठक, भेला वा प्रचार प्रसारको कार्यक्रम गर्दा विहान ८ बजेदेखि साँझ ७बजेसम्म मात्र गर्ने', आयोगको निर्देशनमा भनिएको छ । आयोगले जुलुस, आमसभा वा प्रचार प्रसार गर्दादल वा उम्मेदवारको निर्वाचन चिन्ह वा झण्डा अंकित लोगो वा स्टिकर वा कपडा, टोपी वा क्याप, भेष्ट, टिसर्ट, ज्याकेट, कमिज, गम्छा, ब्याच, मास्क वा लकेट लगाउन वा बोक्न नपाइने उल्लेख गरेको छ ।

यस्तै दलको झण्डा वा चुनाव चिन्हको तोरण बनाई सार्वजनिक प्रदर्शन गर्न पनि रोक लगाएको छ । यस्तै कुनै राजनीतिक दल वा उम्मेदवारले अनुमति लिएको सवारी साधन प्रयोग गरी मतदाताहरू ओसारपसार गर्न वा सम्बन्धित स्थान तोकी प्रयोग गर्ने गरी अनुमति लिएको सवारी साधन अन्य स्थानमा प्रयोग गर्न नपाइने पनि आयोगले भनेको छ । -साभार: रातोपाटी

नियन्त्रण बाहिर बर्डफ्लू, लकडाउनको तयारीमा विभाग

काठमाडौं/कुखुराको संक्रामक रोग बर्डफ्लू नियन्त्रण बाहिर गएको सरकारी अधिकारीले बताएका छन् । संक्रमण बढेपछि पशु सेवा विभागले लकडाउनको तयारी गरेको छ ।

भेटेरिनरी गुणस्तर तथा औषधि नियमन प्रयोगशालाले मंगलबार काठमाडौंमा आयोजना गरेको सरोकारवालासँगको अन्तरक्रिया कार्यक्रममा पशु सेवा विभागका महानिर्देश डा. राम नन्दन तिवारीले बर्डफ्लू संक्रमण नियन्त्रण बाहिर गएको बताए ।

उनका अनुसार गत माघदेखि प्रदेश १, मधेस प्रदेश, बागमती र गण्डकी प्रदेशमा बर्डफ्लूको संक्रमण बढेको छ । हालसम्म हाँस, ब्रोइलर, लोकल, गिरिराज, लेयर्स टर्की काग, प्यारेन्ट कालिज र लौकाटमा पुष्टि भएको उनले जानकारी दिए ।

कुखुरापालन हुने देशका मुख्य सहरहरू मोरङ, काठमाडौं, सुनसरी, सिन्धुपाल्चोक, कास्की, उदयपुर, ललितपुर, भक्तपुर, पर्सा, मकवानपुर, धनुषा र बारामा बर्डफ्लू संक्रमण रफ्तारमा फैलिएको छ ।

पोल्ट्री व्यवसायीले समयमा नै विभागको सल्लाह मानेर पोल्ट्री लकडाउन जानुको विकल्प नभएको पनि उनले प्रष्ट पारे । नेपाल दाना उद्योग संघका अध्यक्ष रवीन पुरीले लकडाउनको प्रकृतिबारे प्रष्ट पार्न आग्रह गरे । उनले भने, 'तपाईंहरूले ओसारपसार बन्द र लकडाउन भन्नुहुन्छ । त्यो कस्तो हो स्पष्ट पारिदिनुहुन अनुरोध छ,' पुरीले भने । नेपाल दाना उद्योग संघका पूर्व-अध्यक्ष नारायणहरी खत्रीले विभागले अनुगमन फितलो भएको बताए । उनले एक प्रसंगमा भने भक्तपुरमा एक ठाँउमा बर्डफ्लू देखिएको तर त्यसको नजिकै रहेको अर्को कुखुरा फार्मले मज्जाले कुखुरा बेचिरहेको अवस्था छ । तसर्थ, तत्कालै बन्द गर्नु मात्र समस्याको समाधन नभएको तर व्यावसाय पनि रहने खालको संयत्र बनाएर नियन्त्रणमा लाग्न सुझाव दिए ।

पोल्ट्री विज्ञ एवं नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजनका आयोजना निर्देशक डा. उमेश दाहालले जतिसक्दो छिटो कार्य पनि थाल्नुपर्ने बताए । उनले दाना दुवानी नरोकी कुखुरा ओसार-पसारमा केही हप्ता कडाईका साथ रोक्नु पर्ने बताए । नेपाल पोल्ट्री महासंघका महासचिव दिनेशराज मिश्रले नेपालमा फैलिएको बर्डफ्लूको क्षति ठूलो हुने उल्लेख गर्दै पूर्व तयारीमा जोड दिन आग्रह गरे । क्षति न्यूनीकरणका लागि भ्याक्सिनेसनमा जोड दिनुपर्ने उनको सुझाव छ । नेपाल विश्व पशु स्वास्थ्य संगठनको सदस्य राष्ट्र भएकाले भ्याक्सिन स्वीकृत दिन भने कानुनले रोकेको छ । पशु चिकित्सक डा. मोदनाथ गौतमले आफूले यसको रोकथामका लागि पहिले नै ढुवानी रोक्न सल्लाह दिए पनि नसुनेको भन्दै चिन्ता व्यक्त गरे । पूर्व तयारीमा ढिलाई भएकाले सरोकारवालासँग छलफल गरेर विभागमा आउन उनले आग्रह गरे ।

कार्यक्रममा पशु सेवा विभागका डा. बरुण शर्मा, प्रयोगशालाकी प्रमुख डा. शर्मिला चापागाईं, क्वारेन्टाइन प्रमुख लक्ष्मण ढकाल एवं औषधि व्यावसायी संघका पदाधिकारीका साथै पोल्ट्री व्यावसायी लगायतको उपस्थिति थियो ।

-साभार: सेतोपाटी

अखेटोपहारसहित तीनजना पक्राउ

काठमाडौं/संरक्षित वन्यजन्तुको अखेटोपहारसहित तीनजना भक्तपुरबाट पक्राउ परेका छन् । जिल्लाको मध्यपुर थिमी नगरपालिका वडा नम्बर १ स्थित मनोहरा नयाँ बस्तीमा संरक्षित वन्यजन्तु कस्तुरीको विना र भालुको पित्तको कारोबार भइरहेको सूचनाका आधारमा महानगरीय अपराध महाशाखाबाट खटिएको टोलीले उनीहरूलाई पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा सोही वडा बस्ने ४७ वर्षीय क्षत्रबहादुर बेगा, कोटेश्वर बस्ने १८ वर्षीय गोपाल बुढा क्षेत्री तथा जोरपाटी नयाँ बस्ती बस्ने ४६ वर्षीय लोकेन्द्र बेगा रहेका छन् । उनीहरूको साथबाट कस्तुरीको बिनाजस्तो देखिने बाल्नादार वस्तु ५ थान तथा भालुको पित्त जस्तो देखिने वस्तु ५ थान प्रहरीले बरामद गरेको सूचना अधिकृत कृष्ण प्रसाद कोइरालाले जानकारी दिए । -रातोपाटी

थप २४ जना संक्रमण

काठमाडौं/पछिल्लो २४ घण्टामा थप २४ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ भने कसैको पनि मृत्यु भएको छैन । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार ३ हजार २७८ जनाको पीसीआर परीक्षण गर्दामा २१ जना र २ हजार ३०९ जनाको एन्टीजेन परीक्षण गर्दा ३ जना गरी २४ जनामा संक्रमण पुष्टि भएको हो ।

पछिल्लो २४ घण्टामा कोरोनाबाट ५१ जना निको भएका छन् भने हाल देशभर ८१२ जना सक्रिय संक्रमित रहेका छन् । जसमध्ये ७७१ जना होम आइसोलेसनमा रहेका छन् भने ४१ जना संस्थागत आइसोलेसनमा रहेका छन् । -अनलाईनखबर

पल शाहलाई थुनछेक बहसका लागि नवलपुर पठाइयो

काठमाडौं/एक नाबालिग गायिकालाई जबर्जस्ती करणी गरेको अभियोगमा पुर्पक्षका लागि थुनामा रहेका अभिनेता पल शाहलाई तनहुँबाट पूर्वी नवलपरासी (नवलपुर) पठाइएको छ । नवलपरासी जिल्ला अदालतले थुनछेक बहसका लागि उपस्थित गराउन पत्रचार गरेपछि शाहलाई मंगलबार विहान नवलपुर पठाइएको जिल्ला कारागारका निमित्त प्रमुख नारायणप्रसाद अधिकारीले जानकारी दिए ।

चैत १० गते तनहुँ जिल्ला अदालतका न्यायाधीश हरिशचन्द्र ढुंगानाको इजलासले नाबालिगलाई विभिन्न प्रलोभन दखाई जबर्जस्ती करणी गरेको देखिन आएको भन्दै शाहलाई थुनामै राखेर मुद्दाको कारबाही अघि बढाउन आदेश दिएको थियो । अदालतको आदेशपछि थुनामा रहेका पल शाहले जिल्ला अदालतको आदेशविरुद्ध उच्च अदालत पोखरामा रिट निवेदन दिइसकेका छन् । ती नाबालिग गायिकाले तनहुँपछि नवलपरासी प्रहरी कार्यालयमा पनि शाहविरुद्ध जबर्जस्ती करणीको अभियोगमा जाहेरी दिएकी थिइन् । तनहँमा अनुसन्धान भइरहेको समयमा शाहलाई नवलपरासी झिकाएर प्रहरीले एक हप्ता अनुसन्धान गरेको थियो । प्रहरीले अनुसन्धान सकेर प्रतिवेदन बुझाएपछि सरकारी वकिलको कार्यालयले चैत ३ गते नवलपरासी अदालतमा मुद्दा दर्ता गरेको थियो । नवलपरासीमा थुनछेक बहस सकिएपछि शाहलाई पुनः दमौलीको कारागार फर्काइनेछ । फागुन ११ गते तनहुँ र फागुन १५ गते नवलपरासी प्रहरी कार्यालयमा नाबालिगका पिताले दिएको जाहेरीमा विभिन्न ठाउँमा पटक-पटक शाहले जबर्जस्ती करणी गरेको उल्लेख छ । तनहुँ प्रहरी कार्यालयमा जाहेरी परेपछि चार दिन भूमिगत भएका शाह फागुन १५ गते आफैं प्रहरीसामु पुगेका थिए । -स्रोत: फिल्मीखबर

कमेडी फिल्म 'लक्का जवान'को ट्रेलर रिलिज

काठमाडौं/शिवहरि पौड्याल निर्देशित फिल्म 'लक्का जवान'को ट्रेलर सार्वजनिक भएको छ । फिल्ममा सरोज खनाल, प्रियंका कार्की, दिलीप रायमाझी, सलोन बस्नेत, वर्षा सिवाकोटी, किरण केसी, राजाराम पौडेल, सुशील पोखरेल, सुरेन्द्र केसी, जयनन्द लामा लगायतको अभिनय छ ।

फिल्मलाई वैशाख २३ गते रिलिज गर्ने तयारी छ । यो कमेडी ड्रामा फिल्म कोरोना महामारीपछि बल्ल प्रदर्शन हुन लागेको हो ।

किरण केसी, अन्सुया श्रेष्ठ, शिवहरि, राज केसी, सुरेन्द्र केसी र दीपेन्द्र खनियाँले फिल्म निर्माण गरेका हुन् ।

चर्चित टेलिसिरियल 'जिरे खुर्सानी'को समेत निर्देशन गरेका शिवहरिको यो पहिलो फिचर फिल्म निर्देशन हो । -स्रोत:अनलाईनखबर

जसले आफैंलाई मतदान गरेनन्

तनहुँ/स्थानीय तहको निर्वाचनले राजनीतिक सरगर्मी हप्पकै बढेको छ । आगामी ३० वैशाखमा हुने स्थानीय तहको निर्वाचनको परिणाम आफ्नो पोल्टामा पार्न केन्द्रदेखि वडा तहसम्मका नेताहरुको दौडधूप निकै बढ्दो छ । राजनीतिक दल यतिबेला वडा तहमा उम्मेदवार बन्न आकंक्षीको सूची तयार पार्दै छन् ।

स्वतन्त्र रुपमा उम्मेदवारी दिनेहरूले भने धमाधम सामाजिक सञ्जाललाई प्रयोग गर्दै उम्मेदवारी घोषणा गरिरहेको अवस्था छ । निर्वाचनमा उम्मेदवारी दिएपछि सबैको रहर जिले हुन्छ । जिलै नसके पनि कम्तिमा लोकप्रिय मत पाउनलाई कसरत धेरै उम्मेदवारले गर्छन् नै । मतदाताको मन र मत जिल्नलाई दौडधूप हुनु स्वभाविक पनि हो ।

तर, अघिल्लो पटक भएको स्थानीय तहको निर्वाचनमा तनहुँका केही उम्मेदवारले आफैंले आफैंलाई समेत भोट हालेनन् । अर्थात आफैंलाई पत्याएनन् र उनीहरूले शून्य मत प्राप्त गरेका थिए । न त उनीहरूले उम्मेदवारी फिर्ता लिए न आफैंलाई मतदान गरे ।

२०७४ सालमा सम्पन्न भएको स्थानीय तहको निर्वाचनमा जिल्लाका नौजना उम्मेदवारको शून्य मत रहेको जिल्ला निर्वाचन कार्यालय तनहुँकी सूचना अधिकारी दुर्गा आले मगरले बताइन् । तीन जना वडाध्यक्ष र छ जना वडा सदस्यका उम्मेदवारले शून्य मत प्राप्त गरेको उनले जानकारी दिइन् । सबैभन्दा धेरै आँबुखैरेनी गाउँपालिकाका चार जना, व्यास र शुक्लागण्डकी नगरपालिकाका दुई/दुई जना र देवघाट गाउँपालिकाका एक जना उम्मेदवारले आफैंलाई मतदान गर्न बिर्सिए । सूचना अधिकारी आलेका अनुसार व्यास नगरपालिका-१ मा पूर्वराष्ट्र सेवक लोकतान्त्रिक पार्टीबाट वडाध्यक्षमा उम्मेदवारी दिएका उमराज नहर्की, शुक्लागण्डकी नगर पालिका-९ मा स्वतन्त्र रुपमा वडाध्यक्षको उम्मेदवार बनेका रामबहादुर नेपाली र देवघाट गाउँपालिका-५ मा स्वतन्त्र वडाध्यक्षमा उम्मेदवारी दिएका कृष्णराज न्यौपानेको मत शून्य आयो । यस्तै आँबुखैरेनी गाउँपालिका-४ मा स्वतन्त्र वडा सदस्यका उम्मेदवार राजु गुरुङ र सुकबहादुर गुरुङ, स्वतन्त्र महिला वडा सदस्यको उम्मेदवार कौशिला गुरुङ र स्वतन्त्र उठेकी दलित महिला सदस्य मनमाया कामीले पनि आफैंलाई मतदान गरेनन् ।

व्यास-१२ मा नेपाल पूर्वराष्ट्र सेवक लोकतान्त्रिक पार्टीबाट वडा सदस्यमा निर्वाचन लडेका जनकबहादुर पन्थ क्षेत्री र शुक्लागण्डकी-३ मा संघीय समाजवादी फोरम नेपालका तर्फबाट दलित महिला सदस्यमा उठेकी पार्वती विक पनि मतविहीन भए । उम्मेदवारी फिर्ता नलिएका तर अरु उम्मेदवारलाई सघाएको कारण पनि शून्य मत भएको हुन सक्ने निर्वाचन कार्यालयको अनुमान छ । जिल्लाको १० स्थानी तह र ८५ वडामा एक हजार ५८२ जनाले उम्मेदवारी दिएका दिए ।

एक दलित महिला सदस्य र सात दलित तथा अल्पसंख्यक गरेर आठ जना निर्वाचन अगावै उम्मेदवारी दर्तासँगै विजयी भए । ४६१ निर्वाचनमा होमिएर विजयी भएका थिए । २०७४ मा सम्पन्न स्थानीय तहको निर्वाचनमा एक लाख ९४ हजार ४७१ मतदाता कायम थिए । तर एक लाख ३२ हजार ९४४ मत मात्र खसेको थियो ।

अर्थात ६१ हजार ५२७ मतदाता स्थानीय तहको निर्वाचन प्रक्रियामा सामेल भएनन् । खसेको मतमध्ये पनि तीन हजार १५४ मत बदर भएको थियो । यसपालि जिल्लामा दुई लाख ४४ हजार ३४० मतदाता कायम भएका छन् । यतिबेला सबै राजनीतिक दलहरु उम्मेदवार छनोटका लागि आन्तरिक गृहकार्य गरिरहेका छन् । -साभार: रातोपाटी

कोरोना महामारीपछि सबैभन्दा धेरै पर्यटक मार्चमा

काठमाडौं/सन् २०२२ को मार्च महिनामा कोरोना महामारीपछिकै सबैभन्दा धेरै पर्यटक नेपाल भ्रमणका लागि आएका छन् । अध्यागमन विभागको तथ्यांकअनुसार मार्च महिनामा ४२ हजार ६ जना पर्यटक नेपाल भ्रमणका लागि आएका हून् ।

अघिल्लो वर्षको तुलनामा यस वर्ष मार्च महिनामा पर्यटकको संख्या तेब्बरले बढेको तथ्यांकले देखाउँछ । नेपाल पर्यटन बोर्डका अनुसार सन् २०२१ मार्चमा मा १४ हजार ९७७ जना पर्यटक नेपाल आएका थिए । त्यस्तै, सन् २०२० को मार्च महिनामा भने ४२ हजार ७ सय ७६ पर्यटक भ्रमणका लागि आएका थिए । कोरोना महामारीअघि सन् २०१९ मा भने मार्च महिनामा मात्र १ लाख २७ हजार ३५१ जना पर्यटक भ्रमणका लागि आएका थिए ।

हाल पर्वतारोहणको सिजन सुरू भएको छ । हिमाल चढ्ने र पदयात्रामा जाने सिजन भएकाले पर्यटकको संख्या यो सिजनमा बढी हुन्छ । सिजनमा पर्यटकको आगमन उत्साहजनक देखिएको बोर्डका निर्देशक मणि लामिछाने बताउँछन् ।

'पर्यटन क्षेत्र चलयामान हुँदै गएको छ । अघिल्ला वर्षको तुलनामा मार्चमा पर्यटकको आगमन ३३ प्रतिशतले रिभाइभ भएको छ । यो राम्रो संकेत हो,' उनले भने । नेपाल भ्रमणमा आउने पर्यटकको संख्या हेर्दा सबैभन्दा धेरै भारत, अमेरिका, बेलायत, बंगलादेश र जर्मनबाट रहेका छन् । सन् २०२२ को मार्च महिनामा सबैभन्दा धेरै भारतबाट १५ हजार १३ नाम पर्यटक आएका छन् । जुन कुल पर्यटक संख्याको ३५.७४ प्रतिशत हो । लामिछानेकाअनुसार भारतीय पर्यटक आगमनको संख्या लगभग रिभाइभ भइसकेको छ । सन् २०१८ मा १४ हजार ४११, २०१९ को मार्चमा १८ हजार २५६ जना पर्यटक नेपाल आएका थिए । सन् २०१८ को तुलनामा ४ प्रतिशत र २०१९ को तुलनामा ८० प्रतिशतले बढेको छ । यसले भारतीय पर्यटक आगमनको संख्या रिभाइभ भएको देखिन्छ ।

बंगलादेशबाट २ हजार १५२ जना पर्यटक नेपाल आएका छन् । सन् २०१९ मा २ हजार ७२ जना र २०१८ मा २ हजार ११९ जना पर्यटक नेपाल भ्रमणमा आएका थिए । त्यस्तै, यसपालि मार्चमा अमेरिकाबाट ४ हजार ८९८ पर्यटक आएका छन् । महामारीअघि सन् २०१९ मा ९ हजार ४५० पर्यटक आएका थिए । यो आगमनको संख्याले ५२ प्रतिशतले रिभाइभ भएको देखिन्छ ।

'महामारीअघि आएका पर्यटकको संख्यासँग तुलना गर्दा भारतबाट ८२, अमेरिकाबाट ५२, बंगलाद्देशबाट ४ प्रतिशतले पर्यटकको संख्या रिभाइभ भएको छ,' उनले भने, 'चीनबाट पर्यटकको संख्या घटेको छ । अन्य देशबाट आउने पर्यटकको संख्या सकरात्मक देखिएको छ ।' त्यस्तै, बेलायतबाट ४ हजार २१, जर्मनीबाट १ हजार ८१७ र चीनबाट ४३१ नेपाल भ्रमणमा आएका छन् । यसअघि सन् २०२२ को जनवरीमा १६ हजार ९६५ जना र फेबुअरीमा १९ हजार ७७६ जना पर्यटक नेपाल भ्रमणका लागि आएका थिए । -साभार: सेतोपाटी

घाँटी रेटेको अवस्थामा युवक फेला

बुटवल/बुटवलमा प्रहरी हिरासतमा रहेका एक जना युवक घाँटी रेटेको अवस्थामा भेटिएका छन् । तामाको तार चोरी गरेको अभियोगमा बुटवलस्थित वडा प्रहरी कार्यालयको हिरासतमा रहेका रुपन्देहीका देवदह खैरनीका २८ वर्षीय ध्रुवबहादुर नेपाली घाँटी रेटिएको अवस्थामा फेला परेका हुन् । आफन्तले घटना शंकास्पद भएको बताएका छन् ।

बुटवल औद्योगिक क्षेत्र र विभिन्न स्थानबाट तामाका तारहरू चोरी भएको उजुरीका आधारमा प्रहरीले शनिवार नेपालीलाई कवाडखानामा तामा बेच्दै गरेको अवस्थामा पकाउ गरेको थियो । शनिबार पकाउ परेका नेपाली सोमबार मध्यान्ह घाँटी रेटिएको अवस्थामा भेटिएपछि प्रहरीले तत्काल उद्धार गरेर उपचारका लागि लुम्बिनी प्रादेशिक अस्पतालमा उपचार भइरहेको इलाका प्रहरी कार्यालय बुटवलमा डीएसपी ठगबहादुर केसीले बताए । उनले हिरासतमै आत्महत्याको प्रयास गरेर घाँटीमा चोट लागेको बताए । उनको अवस्था गम्भीर रहेको छ । नेपालीकी दिदी मनकुमारीले घटना शंकास्पद भएको बताइन् । उनले भनिन् 'यसबारे छानबिन गर्नुपर्छ ।' उनले आफूलाई अस्पतालमा झुक्याएर हस्ताक्षर गर्न लगाएको बताइन् । -रातोपाटी

उच्च अंकले घट्यो नेप्से

काठमाडौं/सेयर बजार परिसूचक नेप्से मंगलबार समेत उच्च अंकले घटेको छ । साताको तेस्रो कारोबार दिन मंगलबार नेप्से ४६.४६ अंकले घटेर २४५२.०६ बिन्दुमा झरेको छ ।

मंगलबार कुल २२८ कम्पनीको कारोबार भएको छ । ४५ हजार ८९४ वटा कारोबारबाट ५८ लाख ४१ हजार ९९८ कित्ता सेयर किनबेच हुँदा कारोबार रकम भने २ अर्ब ६७ करोड १२ लाख ३२ हजार ३८८ रुपैयाँ बराबरको भएको छ । मंगलबार होटल र पर्यटन उपसमूहबाहेक सबै उपसमूह राताम्य रहे । सबैभन्दा धेरै गुमाउने उपसमूहमा 'अन्य' रहेको छ । मंगलबार राष्ट्र उत्थान लघुवित्त र नेष्डो समूद्ध लघुवित्त वित्तीय संस्थाको मूल्य सबैभन्दा धेरै १०/१० प्रतिशतले बढ्यो ।

जाल्पा सामूद्रायिक लघुवित्तको मूल्य समेत धेरै बढ्नेमा रहन सफल भयो । इमर्जिङ नेपालको सेयर मूल्य भने सबैभन्दा धेरै १० प्रतिशतले घटेको छ । -साभार: अनलाईन

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

३ वटा अध्यादेश ल्याउने प्रदेश सरकारको निर्णय

साझाकुरा संवाददाता

हेटौंडा, २२ चैत/ बागमती प्रदेश सरकारले ३ वटा अध्यादेश ल्याउने निर्णय गरेको छ ।

मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले ३ वटा अध्यादेश ल्याउने निर्णय गरेको हो । विगत लामो समयदेखि संसद्मा भएको अवरोधका कारण सरकारले एकै पटक ३ वटा अध्यादेश ल्याउने निर्णय गरेको हो ।

मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले स्थानीय तहका कर्मचारी व्यवस्थापन तथा कार्यालय संचालन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, प्रदेश निजामती सेवाको गठन, संचालन र सेवाका सर्तहरू सम्बन्धनमा व्यवस्था गर्न बनेको अध्यादेश र मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान (पहिलो संशोधन) अध्यादेश ल्याएको छ ।

सरकारले ल्याएका ३ वटा अध्यादेश भने प्रदेश प्रमुख यादवचन्द्र शर्माभार्फत् स्वीकृत भएपछि लागू हुँछ्छ । संसद्मा भएको अवरोधका कारण सरकारलाई तत्काल काम गर्न बाधा आएकाले अध्यादेशमार्फत् काम चलाउनु परेको सरकारका प्रवक्ता एवम् आन्तरिक मामिला तथा


प्रदेश प्रमुखको कार्यालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर

विषय : संशोधित अध्यादेश पठाइएको ।

माननीय प्रमुख सचिवज्यू,
(मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
बागमती प्रदेश हेटौंडा, मकवानपुर)

यस प्रदेशको प्रदेश निजामती सेवा ऐन, २०७८ मा पेश गरिएको विधेयकको सम्बन्धमा उठेका केही कुराहरूलाई समेटिएर संशोधन गरिएको अध्यादेश यसै साथ पठाइएको छ । यो अध्यादेश यस कार्यालयले जारी गरेको मिति २०७९/१२/२१ को पत्र र यस कार्यालयको मिति २०७९/१२/२६ को पत्र बुझी यो अध्यादेश जारी गरिएको हो । यो अध्यादेश जारी गरिएको हुँदा यसको संशोधनको लागि पठाइएको छ ।

क्र.सं.	संशोधन भए गरिएका विषयहरू	कैफियत
१.	दफा ५ मा संशोधन गर्ने सम्बन्धमा ।	

बोधार्थ तथा जानकारीः
कानून मन्त्री, बागमती प्रदेश सरकार,
हेटौंडा, मकवानपुर

विश्वासीः
(कृष्णप्रसाद शर्मा)
प्रदेश प्रमुख

कानुन मन्त्री कृष्णप्रसाद शर्मा खनालले जानकारी दिए । उनका अनुसार सरकारले प्रदेशमा अपुग रहेका कर्मचारीहरुको पदपूर्तिका लागि अध्यादेशमार्फत् प्रदेश निजामती सेवाको गठन, संचालन र सेवाका काम गर्ने तयारी गरेको छ ।

सरकारले मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई स्वायत्त संस्थाको रुपमा स्थापना गर्नका लागि आफ्नै अस्पतालको व्यवस्था गर्ने उद्देश्य अनुसार अध्यादेश ल्याइएको मन्त्री खनालले बताए । उनले उक्त अध्यादेश जारी भएसँगै मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गत् राखिएको हेटौंडा अस्पताल अलग हुने बताए । हेटौंडा अस्पतालमा चिकित्सा शिक्षाका अन्य विषयहरु अध्यापन गराउनकोलागि पर्याप्त भौतिक संरचना र जनशक्ति नभएकाले प्रतिष्ठानबाट अलग गरिएको उनले बताए । उनले प्रतिष्ठानमा अध्ययनरत् विद्यार्थीहरुको शैक्षिक कार्यक्रमलाई बाधा नपार्नको लागि तत्काल चितवनको भरतपुर अस्पतालमा पठनपाठनको व्यवस्था मिलाइएको बताए । सरकारले प्रतिष्ठानको लागि छिट्टै नै जग्गा उपलब्ध गराएर आफ्नै भौतिक संरचनासहितको अस्पताल निर्माण गर्ने उनको भनाइ छ ।

हेटौडा एकेडेमीका विद्यार्थीहरुद्वारा मामाघरलाई सहयोग

साझाकुरा संवाददाता

हेटौंडा, २२ चैत्र/ हेटौडा एकेडेमी आवासीय माध्यमिक विद्यालय, सहिद स्मारक हेटौडाका विद्यार्थीहरूको 'हेटौडा एकेडेमी सोसल क्लब'द्वारा हेटौंडा-११, डाढुडुडे स्थित मामाघर नेपालमा आयोजित 'सहयोगी हातहरु कार्यक्रम' मार्फत् मामाघर नेपालमा आश्रित बालबालिकाहरूको लागि खाद्यान्न तथा नगद सहयोग गरेको छ ।

'You are not alone' भन्ने मूल नाराका साथ आयोजित कार्यक्रममा प्रमुख अतिथिको रूपमा हेटौडा उपमहानगरपालिका वडा नम्बर १ का अध्यक्ष एवम् एकेडेमीकै शिक्षक अभिभावक संघका अध्यक्ष सविन न्यौपानेले स्कूलका विद्यार्थीहरुको अग्रसरतामा यस्ता कार्यक्रम आयोजना हुनु अत्यन्त सुखद् कुरा भएको बताउँदै आगामी दिनमा अझ धेरै यस्ता कार्यक्रम गर्न सफलता मिलोस् भन्ने शुभेच्छा प्रकट गरे ।

कार्यक्रमलाई सम्बोधन गर्दै हेटौडा एकेडेमी विद्यालय व्यवस्थापन समितिकी सदस्य अंकिता सुमार्गीले मामाघरमा आश्रित एक जेहेन्दार विद्यार्थीलाई हेटौडा एकेडेमीमा निःशुल्क पढाउने सम्बन्धमा हेटौडा एकेडेमी विद्यालय व्यवस्थापन समिति अध्यक्ष अरुणराज सुमार्गी र मामाघर व्यवस्थापन बीच सहमति भएको खुलासा गरे ।

हेटौडा एकेडेमीका प्रमुख कार्यकारी अधिकृत रमेश रिमालले 'बाल केन्द्रित, अभिभावकमैत्री र सामाजिकरूपमा जिम्मेबार' विद्यालयको रूपमा हेटौडा एकेडेमीलाई थप उचाइमा पुऱ्याउने आफ्नो योजना रहेको र त्यसैको आधारको रूपमा यस्ता कार्यक्रमहरु गर्न विभिन्न विद्यार्थी क्लबहरु मार्फत् विद्यार्थीहरुलाई प्रोत्साहित गर्ने गरिएको बताए ।

उक्त कार्यक्रमलाई हेटौडा एकेडेमीकी प्राचार्य गौरीदेवी चिमरिया, मामाघर नेपालका अध्यक्ष अर्पण पराजुली र हेटौडा एकेडेमी सोसल क्लबका सदस्य कक्षा ७ का छात्र अमिक खत्रीले सम्बोधन गरेका थिए ।

कक्षा ९ का छात्राहरु बिबिका पराजुलीले संचालन गर्नुभएको र हिमाली जैसवालको अध्यक्षतामा सम्पन्न भएको उक्त कार्यक्रममा कक्षा ८ का छात्र समिप राज ढकालले स्वागत मन्तव्य व्यक्त गरेका थिए ।

अध्यादेशबाट प्रदेश युवा परिषद्को ऐन संशोधन

साझाकुरा संवाददाता

हेटौंडा, २२ चैत/ बागमती प्रदेश सरकारले अध्यादेशबाट प्रदेश युवा परिषद् ऐन, २०७६ संशोधन गरेको छ ।

सरकारले अध्यादेशबाट ऐन संशोधन गर्दै प्रदेश युवा परिषद् उपाध्यक्ष हटाउने बाटो खुला गरेको छ । १७ चैतमा बसेको मन्त्रिपरिषद् बैठकको सिफारिसका आधारमा प्रदेश प्रमुख यादवचन्द्र शर्माले मंगलबार प्रदेश युवा परिषद् ऐन, २०७६ लाई संशोधन गर्न बनेको अध्यादेश जारी गरेका छन् । 'कुनै मनोनित सदस्यले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा मन्त्रालयले निजलाई जुनसुकै बखत सदस्यको पदबाट हटाउन सक्नेछ ।'

युवा परिषद् ऐन २०७६, को दफा ५ मा संशोधन गर्दै अध्यादेशमा भनिएको छ । प्रदेश युवा परिषद् ऐन, २०७६ संशोधन गरेर मूल ऐनको दफा १४ को खण्ड (क) मा रहेको 'सामाजिक विकास मन्त्रालय' भन्ने शब्द हटाएर युवा हेर्ने मन्त्रालय बनाइएको छ । प्रदेश युवा परिषद् गठन हुँदा सामाजिक विकास मन्त्रालय मातहत थियो ।

११ कात्तिकमा बनेको गठबन्धन सरकारले सामाजिक मन्त्रालय विभाजन गरेर युवा तथा खेलकुद विकास मन्त्रालय बनाएको थियो । एनेको उपदफा २ मा उपाध्यक्षको नियुक्त नभएको वा कुनै कारणले रिक्त भएको अवस्थामा उपाध्यक्षको कामकाज मन्त्रालयका सचिवले गर्ने संशोधन गरिएको छ ।

अध्यादेश जारी भएसँगै तत्काल लागू भएको युवा परिषद् ऐन संशोधन भएपछि उपाध्यक्षलाई हटाउन सहज भएको छ । ऐन संशोधनबाट परिषद्लाई युवा तथा खेलकुद मन्त्रालय ल्याएपछि मन्त्रिस्तरको निर्णयबाट उपाध्यक्षलाई हटाउन बाटो खुलेको हो । यसअघि प्रदेश युवा परिषद्का उपाध्यक्ष सन्तोष चौलागाईलाई पदमुक्त गरेको सरकारको निर्णय उच्च अदालत पाटन, हेटौंडा इजलाशले कार्यान्वयन नगर्न अन्तरिम आदेश दिएपछि सरकार ऐन संशोधनको तयारीमा जुटेको थियो । चौलागाईलाई ५ फागुनमा बसेको मन्त्रिपरिषद् बैठकले पदमुक्त गरेको थियो । युवा परिषद् उपाध्यक्षको कार्यकाल ४ वर्षको हुनेछ ।

चौलागाईं सरकारको निर्णयले आफूमाथि अन्याय भएको भन्दै उच्च अदालत पाटन हेटौंडा इजलाश गएका थिए । अदालतले १२ फागुनमा चौलागाईलाई बर्खास्त गर्ने निर्णय कार्यान्वयन नगर्न अन्तरिम आदेश दिएको थियो । प्रदेश युवा परिषद्को कार्यकारी उपाध्यक्ष पदमा अघि बढाएको नियुक्ति प्रकृया रोक्न उच्च अदालत पाटन हेटौंडा ईजलाशले २ चैतमा अल्पकालीन आदेश जारी गरेको थियो ।

आधुनिक राष्ट्रिय मावि उत्कृष्ट विद्यालय

हेटौंडा, २२ चैत/ हेटौडा-४ स्थित आधुनिक राष्ट्रिय मावि उत्कृष्ट विद्यालय बनेको छ । ब्रिटिस काउन्सिलले आधुनिक राष्ट्रिय माविलाई उत्कृष्ट विद्यालयको प्रमाणपत्र दिएको हो ।

काउन्सिलले प्रदान गरेको उत्कृष्ट सामुदायिक विद्यालयको प्रमाणपत्र हेटौंडा उपमहानगरपालिकाका मेयर हरिबहादुर महतले विद्यालयका प्रधानाध्यापक वीरवंश बैठालाई हस्तान्तरण गरेका छन् । प्रमाणपत्र लिँदै विद्यालयका प्रधानाध्यापक बैठाले विद्यालयलाई अन्तर्राष्ट्रियस्तरमा विकास गर्ने सपना पूरा भएको बताए । विद्यालय व्यवस्थापन समिति अध्यक्ष चित्तबहादुर बिश्वकर्माको सभाध्यक्ष तथा हेटौंडा उपमहानगरपालिकाका मेयर हरिबहादुर महतको प्रमुख आतिथ्य कार्यक्रम भएको थियो । मेयर महतले अन्तर्राष्ट्रिय अवार्ड प्राप्त गरेर आधुनिक राष्ट्रिय मावि हेटौंडा र विद्यालयको नाम उच्च राख्न सहयोग गरेको बताए । एक बर्षमा गरिएको मेहनतको उपलब्धिस्वरुप अवार्ड प्राप्त भएको भन्नुहुँदै ब्रिटिस काउन्सिलको स्तरीकरण परियोजनाका संयोजक सुरज बुढाथोकीले आधुनिक राष्ट्रिय माविले नाममात्र नभई कामले अन्तर्राष्ट्रिय विद्यालय बनाएको बताए ।

टाइफाइडविरुद्धको खोप अभियान सफल बनाउन प्रमुख खुलालको आग्रह

साझाकुरा संवाददाता

हेटौंडा, २२ चैत/ जिल्ला समन्वय समिति मकवानपुरको प्रमुख रघुनाथ खुलालले नेपाल सरकारले बालबालिकाका लागि पहिलोपटक सञ्चालन गर्न लागेको टाइफाइड बिरुद्धको राष्ट्रिय खोप अभियान सफल बनाउन आग्रह गरेका छन् ।

जिल्ला खोप समन्वय समिति मकवानपुरको मंगलबार बसेको बैठकमा प्रमुख खुलालले सरकारले देशभरका १५ महिनादेखि १५ वर्ष उमेर समूहलाई ७५ लाख बालबालिकालाई लक्षित गरेर सुरु गर्न लागेको खोप अभियान सफल बनाउन सबै क्षेत्रका सरोकारवालालाई आव्हान् गरे ।

प्रमुख खुलालले सबै सरोकारवालालाई आ-आफ्नो क्षेत्रबाट सहयोग गरेर खोप अभियान सफल बनाउन आव्हान् गरे । कैठकमा खोप अभियान सफल बनाउन जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरले तयार पारेको कार्ययोजनाबारे जानकारी गराएका थिए । खोप अभियान शुभारम्भ तथा नियमित खोप कार्यक्रम सफल बनाउन स्वास्थ्य कार्यालयले तयार पारेको कार्ययोजना मंगलबारको बैठकले अनुमोदनसमेत गरेको प्रमुख खुलालले बताए ।

बैठकमा स्वास्थ्य कार्यालयका निमित्त प्रमुख भीमसागर गुरागाईले सरकारले देशभरका १५ महिनादेखि १५ वर्ष उमेर समूहलाई ७५ लाख बालबालिकालाई लक्षित गरेर सुरु गर्न लागेको खोप अभियानको संघीय सरकारका स्वास्थ्यमन्त्री बिरोध खतिवडाले मकवानपुरको मनहरी गाउँपालिका स्थित भोजसिद्ध माविबाट सुरु गर्नु हुने जानकारी दिए ।

अभियानलाई सफल बनाउन अभिमुखीकरण, खोप केन्द्र, प्रचारप्रसार, खोपको उपलब्धता लगायत विषयमा काम भइरहेको उनले बताए । चैत २५ गतेबाट सुरु भएर बैशाख १८ गतेसम्म सञ्चालन हुने अभियानमा मकवानपुरका एक लाख आठहजार चारसय ८६ जना बालबालिका लाभान्वित हुने उनले बताए । गुरागाँईका अनुसार जिल्लामा कुल छ्सय आठ खोप केन्द्रबाट खोप अभियान सञ्चालन हुनेछ । अभियानमा आठसय ७० जना खोपकर्ता र एकहजार तीनसय ९० जना स्यमसेवक परिचालित हुने छन् । निमित्त प्रमुख गुरागाईका अनुसार जिल्लाको हेटौंडा उपमहानगरपालिकाका ५० हजार एकसय ६३, थाहा नगरपालिकाका आठ हजार छ्सय १६, बागमती गाउँपालिकाका छहजार छ्सय २८, बकैयाका आठ हजार नौसय ४८, मनहरीका १० हजार तीनसय ७२, राक्सिराङका पाँच हजार छ्सय ९२, कैलाशका चारहजार आठसय ३८, भीमफेदीका चार हजार सातसय ५८, मकवानपुरगढीका पाँचहजार तीनसय ३५ र ईन्द्रसरोवरका तीन हजार २७ जना बालबालिकालाई खोप लगाउने लक्ष्य रहेको जानकारी दिए । उनले लक्षित समूहको ८० प्रतिशत बालबालिकालाई विद्यालयमै खोप लगाइनेसमेत जानकारी दिए ।

१५ बर्ष उमेरसम्मका बालबालिकालाई टाइफाइडको संक्रमण हुने र जटिलता हुने दर उच्च रहेकोले खोप लगाउन अभियानमै सञ्चालन गरिएको गुरागाईले बताए । विश्व स्वास्थ्य संगठनले गुणस्तर प्रमाणित गरेको भारतमा उत्पादन भएको खोप लगाउन लागिएको हो ।

खोप पर्याप्त रहेको र अभियानपछि नियमित खोप कार्यक्रममा पनि लक्षित बालबालिकालाई टाइफाइडविरुद्धको खोप लगाइने बताइएको छ । बैठकमा जिसस मकवानपुरकी उप्रमुख भगवती पुडासैनी, प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डेलगायत सहभागी थिए ।

सडक निर्माण सम्पन्न हुनुअघि नै उद्घाटन !

साझाकुरा संवाददाता

हेटौंडा, २२ चैत/ बागमती प्रदेशका पूर्वमुख्यमन्त्री डोरमणि पौडेलले सडक निर्माण कार्य सम्पन्न हुनुअघि नै उद्घाटन गरेको भन्दै बिरोध भएको छ ।

हेटौंडा-६ बिच हात्तिलेटमा काम सम्पन्न नभएको सडकको मंगलबार पूर्वमुख्यमन्त्री पौडेलले उद्घाटन गरेपछि त्यसको बिरोध भएको हो । नेकपा एमालेका स्थानीय नेताहरुको उक्साहटमा निर्माण कार्य सम्पन्न नहुँदै सडक उद्घाटन गरेको भन्दै हेटौंडा-६ का वडा अध्यक्ष अर्जुनप्रसाद चौलागाईसहित त्यस क्षेत्रका स्थानीयले बिरोध गरेका हुन् ।

स्थानीयले टोल विकास संस्थाहरुलाई समेत खबर नगरी अनावश्यक राजनीति गरेको आरोप लगाएका छन् । हेटौंडा उपमहानगर पालिका वडा नम्बर ६ को २०७५/०७६ र ०७६/७७ मा सिलिङ बजेटबाट विनियोजित रकम र प्रतिनिधिसभा निर्वाचन क्षेत्र नम्बर १ को क्षेत्र विकास कोषबाट रकम प्राप्त भई वडा कार्यालयबाट उपभोक्ता समिति गठन गरेको र समितिले काम नगर्दा बजेट फ्रिज भएपछि वडाकै पहलमा प्रदेश भौतिक पूर्वाधार विकास मन्त्रालयबाट ०७८/०७९ मा ठेक्कामार्फत् काम भइरहेको वडा कार्यालयद्वारा जारी विज्ञप्तिमा उल्लेख छ । विज्ञप्तिमा भर्खरै कालोपत्रे भएको र बजेट फरफारकसमेत नभई हस्तान्तरण नभएको सडक नेकपा एमालेले 'बिधत उपभोक्ता मञ्च' को नाममा वडा कार्यालयलाई उपेक्षा गरी पौडेलबाट उद्घाटन गराएकोमा वडा कार्यालयले बिरोध गरेको जनाइएको छ ।

आफू जस्तै जनप्रतिनिधि संस्थालाई उपेक्षा गरेको मूख्यमन्त्री जस्तो गरिमामय पदमा आसिन भइसकेको व्यक्तिले बुझ्न नसक्नु पदीय मर्यादाको चरित्रसमेत उदांगो भएको विज्ञप्तिमा उल्लेख गरिएको छ । विज्ञप्तिमा बागमती प्रदेश भौतिक पूर्वाधार विकास मन्त्रालयको समेत ध्यानाकर्षण गराइएको छ ।

भीरबाट लडेर मृत्यु

सिन्धुपाल्चोक, २२ चैत/ सिन्धुपाल्चोकको त्रिपुरासुन्दरीमा भीरबाट लडेर एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा त्रिपुरासुन्दरी-३ पहरेपानीका ३० वर्षीय सन्तोष थामी रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

सोमबार दिउँसो ३ बजेतिर घरमाथि रहेको भीरबाट लडेका थामीको टाउकामा गम्भीर चोट लागेको अवस्थामा प्राथमिक स्वास्थ्य केन्द्र बाह्रबिसेमा लगिएकोर त्यहाँ उपचार सम्भव नभएपछि काठमाडौंको ट्रमा सेन्टरमा लगिएको जिल्ला प्रहरी नायब उपरीक्षक एवं सूचना अधिकारी दक्षकुमार बस्नेतले जानकारी दिए ।

दुईजना व्यापारी कारवाहीमा

हेटौंडा/ बिल बिजक जारी नगर्ने हेटौंडाका दुईजना व्यापारी कारबाहीमा परेका छन् । संयुक्त बजार अनुगमन टोलीले हेटौंडा-२ मा ५ वटा पसलको अनुगमन गर्दा बिलबिजक नगरेका दुईजना व्यापारी कारबाहीमा परेका हुन् । कारवाहीमा पर्नेमा विनोदमान श्रेष्ठले संचालन गरेको विनोद किराना पसल र संदीप साहले संचालन गरेको श्याम स्टोर छन् ।

टोलीले विनोद किराना पसललाई १० हजार रुपियाँ र श्याम स्टोरलाई २० हजार रुपियाँ जरिवाना गर्दै बिल बिजक जारी गर्न र तोकेको मूल्य भन्दा बढि मूल्य नलिन मौखिक निर्देशन दिएको मकवानपुरका सहायक प्रमुख जिल्ला अधिकारी बद्रीनाथ गैह्रेले जानकारी दिए । अनुगमन टोलीले हरिप्रसाद खतिवडाले संचालन गरेको एचपी सप्लायर्स, कान्छी खतिवडाले संचालन गरेको सुमित्रा किराना स्टोर र कृष्ण अग्रवालले संचालन गरेको पसलसमेत अनुगमन गरेको थियो । अनुगमनमा गैह्रेको नेतृत्वमा खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय, हेटौंडा उपमहानगर पालिका, जिल्ला प्रहरी कार्यालय मकवानपुर, मकवानपुर उद्योग बाणिज्य संघ र संचारकर्मीको उपस्थिति रहेको प्रशासनको दाबी छ । चैत २० गते अनुगमन गरेको भनिए पनि जानकारी भने २ दिनपछि मंगलबार दिइएको हो ।



पार्टी गर्दै हुनुहुन्छ ?
शुभ-विवाह, ब्रतबन्ध, हरेक प्रकारका पार्टी, सभा, सेमिनार तथा गोष्ठीका लागि हामीलाई सदैव सम्झनुहोस् ।
जय गणेश पार्टी प्यालेस प्रा.लि.
हेटौंडा उपमहानगरपालिका-५, अब्बलडाँडा
सानोपोखरा, मकवानपुर
९८५५०२७५१२ (अनिष वारले)

खुल्यो ! खुल्यो
नयाँ व्यवस्थापनका साथ अमलेखगञ्जको जस्तै
लोकल कुखुरा लगायत मासुको आइटमको मीठो स्वाद
अब होटल म्याक्समा
होटल MAX
हेटौंडा-३, बसामाडी, मो.नं. ९८४५०२५७२७

जैविक मलका फाइदाहरू
रासायनिक मल तथा रासायनिक विषादिले बालीनालीको विकास केही ह्रस्सम्म गरेको भएता पनि केही समयको लगातार प्रयोगपछि त्यसले माटोमा भएको प्रभावकारी जीवाणुहरुलाई प्रदुषित बनाई इन्जाईम प्रकृयालाई अबरुद्ध गरेको छ, जसको कारणले माटोमा भएका सबै प्रकारका प्रभावकारी जीवाणु व्याक्टेरियाको विनास भई माटो अम्लीय हुने, माटोमा पानी अड्ने क्षमतामा ह्रास आई चिस्यान कम हुने, बिरुवाको जरा माटोमा प्रभावकारी तरिकाले फैलन नपाउने, बिरुवाले आवश्यक खाद्यतत्व पूरा गर्न नसकी बिरुवा कमजोर हुने, बह्दो जलवायु परिवर्तन र सो ले पारेको पर्यावरणीय असरमा कमी नआउने, वातावरण प्रदुषित क्रम बढ्दो मात्रामा रहने, विभिन्न प्रकारका रोगहरु लाग्ने तथा किरा नियन्त्रणको लागि रासायनिक विषादि प्रयोग गर्दै जाँदा ती शत्रु जीवाणुहरुमा विष पचाउने क्षमतामा बुद्धि भई प्रत्येकपटक विषादिको मात्रा बढाउँदै लैजानुपर्ने अवस्था, जसको कारण आज मानिस प्रत्येक खाद्य सामग्री कृषि उपज विषादियुक्त खान बाध्य छ । फलस्वरुप मानवमा विभिन्न प्रकारका रोगहरुको महामारी फैलिएको छ ।

त्यसैले जैविक मल नै प्रयोग गरौं ।
स्वस्थ कृषि उपज उत्पादनमा जोड दिऔं

पाइने स्थानः
सामुदायिक कृषि सहकारी संस्था लि.
हेटौंडा-८, कमाने
९८५५०६९०८६ राजेन्द्र ढकाल

HETAUDA CITY HOSPITAL PVT.LTD.
Hetauda-1, Sub-metropolitan
Phone: 057-520315
VACANCY ANNOUNCEMENT
Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

S.No.	Designation	No.	Salary (Rs)	Min. Qualifications
1	Staff Nurse	Few	14000-18000	PCL/NHPC registered
2	CMA/ANM	Few	Negotiable	TSLC
3	Receptionist	Few	Negotiable	+2 completed

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

साझाकुरा
www.sajhakuranews.com
"तपाई, हामी सबैको कुरा "
हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादकः सरला खनाल, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रणः सफल छापाखाना